# प्रभाव दैनिक

National Daily

वर्ष १० | अंक २३६ | काठमाडौं | मंगलबार, १० पुस २०८० | Prabhab National Daily | Tuesday, December 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# लाचार बन्दै संसदीय समिति



**प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार भएको संक्रमणकालीन न्यायसम्बन्धी छलफलमा सहभागी नेताहरू ।**
*तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाको संसदीय समिति अधिकारसम्पन्न निकाय हो । यही समिति कानुनको प्रशोधनशाला हो भने सार्वजनिक महत्त्वका विषयमा सरकार प्रमुखदेखि प्रधानन्यायाधीशसम्मलाई बोलाएर ব्याख्याख्या पार्ने र जवाफदेही बनाउने गरिन्छ ।

तर संसद्का कानुन, न्याय तथा मानवअधिकार समितिको निष्कर्ष हेर्दा यो संसदीय समिति राजनीतिक शक्तिको सामु लाचार बनेको छ । संसदीय समितिमा संक्रमणकालीन न्याय (टिआरसी) विधेयक टुंगोमा पुऱ्याउन संसद्ले छलफलमा पठाएको थियो । तर उक्त संसदीय समितिले आफ्नो काम आफैं गर्न नसकेर टिआरसी विधेयकमा पटक-पटक शीर्ष नेताको सहमति खोजेको छ ।

टिआरसी विधेयकबारे अन्तिम निष्कर्ष बुझाउन समितिले उपसमिति गठन गरेको थियो । पूर्वकानुनमन्त्री ध्रुवबहादुर प्रधानको नेतृत्वमा बनेको उपसमितिले असोज २३ गते चारवटा विषयमा शीर्ष नेताको सहमति चाहिने भन्दै प्रतिवेदन बुझाएको थियो । त्यही उपसमितिको प्रतिवेदनलाई शुक्रबार समितिले अनुमोदन गर्दै आफ्नो असक्षमता देखाएको हो ।

## संसदीय समितिले शीर्ष सहमति खोजेको विषय

- मानवअधिकारको गम्भीर उल्लंघनमा समावेश गरिएको–स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या/दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने ।
- सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने
- मानवअधिकार उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ?
- घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने ।

समितिमा एमाले सांसदसमेत रहेकी विमला सुवेदी सभापति छिन् । एमाले अध्यक्ष केपी शर्मा ओली तत्काल टिआरसी विधेयक पारित गर्ने पक्षमा देखिँदैनन् । उसो त शान्ति प्रक्रिया नै टुंगोमा पुऱ्याउने यो विधेयक आफ्नो नेतृत्वमामात्र पास गर्ने प्रतिस्पर्धामा तीन शीर्ष नेता देखिन्छन् । जस लिनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीबीच प्रतिस्पर्धा नै रहेको नेताहरू बताउँछन् । (क्रमशः पृष्ठ २ मा)

# सुशासनमा केही प्रयास, संघीयता कार्यान्वयनमा उदासीन

■ **जेबी योञ्जन**

**काठमाडौं–** तेस्रोपटक प्रधानमन्त्री बनेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले यसपटक बनाएको नयाँ रेकर्ड हो, सबैभन्दा लामो कार्यकाल । पहिलोपटक २०६५ साउन ३१ प्रधानमन्त्री बनेका उनले प्रधानसेनापति रुकमांगत कटुवाल प्रकरणका कारण २०६६ वैशाख २१ गते नौ महिनामै राजीनामा दिएका थिए । दोस्रोपटक २०७३ साउन १९ गते प्रधानमन्त्री बनेका उनले २०७४ जेठ २३ मा १० महिनामै राजीनामा दिनुपरेको थियो ।

यसपटक भने एमालेको सहयोगमा सत्ता नेतृत्व पक्का गरेका दाहालले नेपाली कांग्रेसको साथ लिएर वर्षदिन ढुक्कसँग सत्ताको नेतृत्व गरेका छन् । वर्ष दिनमा प्रधानमन्त्रीले के-के गरे ? राजनीतिक नेतृत्वबाट वाक्क जनताले खासै चासो नराखे पनि प्रधानमन्त्री दाहाल स्वयं भने यस विषयमा छट्पटिएका देखिन्छन् । दाहालले यसबारे पटक-पटक प्रधानमन्त्री कार्यालयमा मन्त्रीहरूसँग 'रिपोर्ट कार्ड' माग्दै रोष पोखेका छन् । सार्वजनिक मञ्चहरूमा दाहालले अब नयाँ धक्का दिएर क्रमभंगता गर्ने छनकसमेत दिएका छन् । मन्त्रीहरूको रिपोर्ट कार्ड माग्ने प्रधानमन्त्री दाहाल आफ्नै तुलाचाहिँ रेकर्ड बनाउन सफल कार्यकालमा कस्तो रह्यो त ?

सुशासन, पारदर्शिता, जवाफदेहिता, अर्थतन्त्रमा सुधार, विकास र समृद्धिसँगै जनतामा सरकारप्रति जागृत आशा/निराशालाई मानक बनाएर दाहाल सरकारको लेखाजोखा भइरहेको छ । यसबारे राजनीतिक विश्लेषक, विपक्षी दलहरू र स्वयं सत्ता सहयात्री दलका नेताहरूका समीक्षात्मक टिप्पणी सार्वजनिक भइरहेका छन् ।

पहिलोपटक प्रधानमन्त्री (२०६५ मा) हुँदा डा. बाबुराम भट्टराईलाई अर्थमन्त्री बनाउँदै लाखौं किसानको ३० हजारभन्दा कम कृषि ऋण मिनाहा गराएर किसान वर्गको उत्थान गराएका थिए । त्यहीबेला देशको आर्थिक वृद्धिदर पनि उच्च भएको थियो ।

दोस्रो कार्यकालमा 'उज्यालो नेपाल' अभियान सञ्चालन गरेर देशलाई लोडसेडिङमुक्त गराएका थिए । र, तेस्रो प्रधानमन्त्रीत्वकालमा 'सुशासन' कायम गराउने उनको प्रतीज्ञा छ । उनी तेस्रोपटक प्रधानमन्त्री भएको १० पुस २०७९ मा हो । यस आधारमा आज उनी नेतृत्वमा सरकार गठन भएको ठ्याक्कै एक वर्ष पूरा भएको छ । यहीबेला उनी कति सफल प्रधानमन्त्री ? लेखाजोखा भइरहेको हो ।

### भ्रष्टाचारविरुद्ध सुरुमा आक्रामक, पछि नरम

मुख्यतः एमालेको समर्थनमा १० पुस २०७९ मा प्रधानमन्त्री नियुक्त भएपछि दाहालले फचाट्ट भने, 'यसपटक मेरो सम्पूर्ण ध्यान सुशासनमा केन्द्रित हुने छ ।'

भ्रष्टाचार व्याप्त विश्वका १८० देशको सूचीमा नेपाल ११०औं स्थानमा रहँदा जनता सरकारप्रति आक्रोशित भएको अवस्थाबीच सुशासन कायम गर्ने निकै लोकप्रिय प्रतीज्ञा दाहालले गरेका हुन् । सुरुमा उनले सुशासन कायम गर्न प्रयास नगरेका पनि होइनन् । नक्कली भुटानी शरणार्थी काण्डको अनुसन्धानमा गराउन हिम्मत गरे । बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गरेर हिनामिना प्रकरणमा फेरि सिआइबीमार्फत अनुसन्धान गराए । गृहमन्त्री र गृहसचिवले दैनिक क्रमशः ५० हजार र २५ हजार पाउने सुराक भत्ताको खारेजी दाहाल सरकारकै पालामा भयो । राष्ट्रिय परिचयपत्रमा उल्लिखित विवरण रुजु गर्ने जिम्मा विदेशी कम्पनीलाई दिनेगरी तयार कार्यविधि र निर्णय खारेज गराए । अनुचित लेनदेन (मिटरब्याज)लाई वित्तीय अपराधको रूपमा परिभाषित गर्दै हजारौं गरिबहरूलाई न्याय दिलाउन कानुन बन्यो ।

तर, यति हुँदाहुँदै पनि शरणार्थी काण्डलाई दाहाल सरकारले निष्कर्षमा पुऱ्याउन सकेन । ललिता निवासकाण्ड र सुनकाण्ड पनि त्यस्तै भयो । बरु, मुद्दालाई कमजोर बनाउँदै आफ्नालाई जोगाउने कृत्यमा लागेको आरोप खेप्नुपरेको छ । यी दृष्टान्तहरूले दाहाल चर्चाका लागिमात्रै ठूला काण्डमा हात हालेर सुशासनको नारा घन्काउन चाहन्छन् भन्ने पुष्टि हुने विश्लेषकहरूको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

> प्रधानमन्त्री दाहालकै शब्दमा देश र जनताले सम्झिइरहने गरी काम गर्ने हुटहुटी उनीसँग छ । त्यही भएर उनले मन्त्री र सचिवहरूलाई बारम्बार मन्त्रालयगत कार्यसम्पादनमा अब्बल हुन निर्देशन दिए । जसआधारमा मन्त्रालयको स्तरीकरण गर्न 'ग्रेड' तोके । तर, कुनै पनि मन्त्रालयले ५२ अंक प्राप्त गरेनन् । अर्थात्, ग्रेड 'ए प्लस' र 'ए' कुनै पनि मन्त्रालयको आएन । यो भनेको सरकार स्वमूल्यांकनमै अनुत्तीर्ण भएको हो ।



**दाहाल सरकारको एक वर्ष**

**सन्दर्भ: वैदेशिक रोजगार**

## नक्कली श्रम स्वीकृति लिएर विदेश यात्रा

# भारतमा दुई महिलासहित आठ नेपाली पक्राउ

■ **प्रभाव संवाददाता**

काठमाडौं- भारतको बाटो भएर वैदेशिक रोजगारीका लागि कुवेत र संयुक्त अरब इमिरेट्स (युएई) हिँडेका दुई महिलासहित आठजना नेपालीलाई भारतीय प्रहरीले पक्राउ गरेको छ । नक्कली श्रम स्वीकृति र नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएर जान लागेका उनीहरू मुम्बई अन्तर राष्ट्रिय विमानस्थलमा पक्राउ परेका हुन् ।

मुम्बईहुँदै कुवेत र युएई जान लागेका उनीहरूको साथमा रहेको श्रम स्वीकृति र एनओसी नक्कली रहेको अध्यागमनका अधिकारीहरूले पत्ता लगाएपछि उनीहरूलाई उडानमा रोक लगाउँदै पक्राउ गरिएको भारतीय सञ्चारमाध्यम टाइम्स अफ इण्डियाले उल्लेख गरेको छ । अध्यागमन अधिकारीहरूले नेपालको श्रम मन्त्रालय (वैदेशिक रोजगार विभाग) नेपाली दूतावाससँग श्रम स्वीकृति र एनओसी 'क्रस-भेरिफाइ' गर्दा उस्तै देखिए पनि श्रम स्वीकृति दिएको प्रमाणित गर्न नसकिने जवाफ दिएका कारण ती कागजात नक्कली पुष्टि भएको प्रहरी अधिकृतले बताएको समाचारमा जनाइएको छ ।

नक्कली श्रम स्वीकृति र एनओसी बोकेका दुई महिला माइली बोम्जन र भगवती डाँगीलाई शनिबार मुम्बई विमानस्थलबाट पक्राउ गरिएको हो । यसअघि २० डिसेम्बरमा छ जनालाई पक्राउ गरिएको बताइएको छ । पक्राउ पर्ने छ जनामा रूपल खड्का, अरुण खड्का, करण बोहरा, सुजन बोहरा, राजकुमार तामाङ र दीपेश लामिछाने रहेका छन् । उनीहरू प्रत्येकसँग १५ हजार रूपैयाँ लिएर एजेन्टले नक्कली एनओसी बनाइदिएको र सोही अधारमा युएई जान खोजेको प्रहरीले जनाएको छ ।

नेपालको श्रम मन्त्रालयअन्तर्गत वैदेशिक रोजगार विभागले आफ्नो प्रणालीमा उल्लिखित व्यहोराको कुनै दस्तावेज नभेटिएको भन्दै नक्कली भएको मेलमार्फत जवाफ दिएपछि श्रम स्वीकृतिसम्बन्धी कागजात नक्कली पुष्टि भएको अध्यागमनका अधिकारीले बताएका छन् । रोजगारीका लागि कुवेत जान माइलीले एजेन्टलाई १० हजार रूपैयाँ दिएको बताइएको छ । डाँगीले भने भिसा, श्रम स्वीकृति र उडानका लागि आवश्यक कागजात तयार पार्न उमेश नामको एजेन्टलाई दुई लाख २० हजार रूपैयाँ तिरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । पक्राउ परेका आठ जनालाई नै भारतीय दण्ड संहिता खण्डअन्तर्गत ठगी र जालसाजी गरेको अभियोगमा दुई अलग-अलग मुद्दा दायर गरिएको प्रहरीले जनाएको छ ।

नेपाल सरकारले वैदेशिक रोजगारीका लागि भिजिट भिसामा युएई, कतारलगायतका मुलुकमा जान कडाइ गरेपछि एजेन्टहरूले भारतीय बाटो प्रयोग गर्दै लैजाने गरेको पाइएको छ । पछिल्लो समय भारतबाट युएई, कतारलगायतका मुलुकमा अवैध तरिकाले जाने नेपालीहरूको संख्या बढेपछि दिल्लीस्थित नेपाली राजदूतावासबाट एनओसी लिएरमात्रै जान पाइने व्यवस्था गरिएको छ । सोही कारण भारतको विमानस्थलबाट विदेशिने नेपालीहरूले अनिवार्य एनओसी जाँच गराएर मात्र उडान गर्न पाउने छन् ।

# कोरियन भाषा परीक्षाका लागि अहिलेसम्मकै धेरै आवेदन

**काठमाडौं (प्रस)–** रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जान भाषा परीक्षाका लागि आवेदन दिनेको संख्या अहिलेसम्मकै धेरै भएको छ । भाषा परीक्षाका लागि आवेदन दिन तोकिएको पुस २ गतेदेखि ६ गतेसम्मको अवधिमा एक लाख ४३ हजार ८१२ जनाले आवेदन दिएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जनाएको छ । यो संख्या अहिलेसम्मको सबैभन्दा बढी रहेको शाखाले उल्लेख गरेको छ ।

अनलाइन प्रणालीबाट आवेदन दिने व्यवस्था भएका कारण पनि ठूलो संख्यामा आवेदन परेको हुनसक्ने शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । 'अनलाइन प्रणालीबाट आवेदन दिने व्यवस्था भएयता उत्पादनमूलक क्षेत्रका लागिमात्रै आवेदन दिने संख्या अहिलेसम्मकै धेरै हो,' उनले भने । शाखाले गत तीन वर्षदेखि भाषा परीक्षाका लागि अनलाइनमार्फत आवेदन दिन पाइने व्यवस्था गरेको छ ।

आवेदन दिनेको संख्या अझै बढ्नसक्ने शाखाले जनाएको छ । शिप बिल्डिङमा अनुत्तीर्ण भएका परीक्षार्थीहरूलाई पनि उत्पादनमूलक क्षेत्रको भाषा परीक्षामा आवेदन दिने व्यवस्था मिलाउन उच्च अदालतले आदेश दिएका कारण पनि उल्लिखित संख्यामा वृद्धि हुने निर्देशक सुवेदीले बताए । शाखाले भाषा परीक्षाको मिति माघ २२ तोकिने जनाएको छ । कोरियाले सन् २०२४ का लागि विभिन्न मुलुकबाट एक लाख ६५ हजार आप्रवासी श्रमिक आपूर्ति गर्ने जनाउँदै नेपालबाट १५ हजार ८४८ नेपालीलाई रोजगारीका लागि लैजाने कोटा निर्धारण गरेको छ । कोरियाले २००८ देखि औपचारिकरूपमा नेपाली श्रमिक लैजान थालेको हो ।




## पृष्ठ १ बाट क्रमशः

### सुशासनमा केही...

फेरि, सुशासन अभियानलाई नै मात खुवाउनेगरी दाहाल स्वयंले त्यस्ता नियुक्ति गरेका छन्, जसले दाहाल विधिको शासनकोसमेत खिल्ली उडाउन उद्धत छन् भन्ने अनुमान लगाउन असहज छैन । उनी नेतृत्वकै सरकारले कर्तव्य ज्यान मुद्दामा जन्मकैदको सजाय पाएका रिगल भनिने गुण्डा नाइके योगराज ढकाललाई कैद मिनाहाको सिफारिस गर्‍यो । दसैंमा छुटाए । हाल भने सर्वोच्च अदालतको आदेशअनुसार फेरि थुनामै छन् ।

लुम्बिनी विकास कोषको सदस्यसचिवमा ठगी र हातहतियारसम्बन्धी मुद्दामा पटक-पटक पक्राउ परेका डा. ल्हारक्याल लामालाई नियुक्त गरेर विवादमा मुछिए प्रधानमन्त्री दाहाल । त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेलाई मरणासन्न कुटपिट गर्ने नेपाल विधार्थी संघका नेताहरूको मुद्दा फिर्ता लिने निर्णय गराए । यी घटनाक्रमले दाहालको सुशासन अभियानलाई खिल्ली उडाएको छ ।

#### आर्थिक मन्दी यथास्थितिमै

अर्थशास्त्रीहरूले देश श्रीलंकाजसरी छिट्टै टाट पल्टिने विश्लेषण गर्दैगर्दा दाहाल प्रधानमन्त्रीको कुर्सीमा आइपुगेका हुन् । तर, पछिल्ला दिनमा भने शोधान्तर स्थिति, विदेशी मुद्राको बचतलगायत आर्थिक सूचकहरू सकारात्मक बन्दै गएका छन् । यसले अर्थतन्त्र सुधारोउन्मुख देखाउँछ । यद्यपि, अझै चलायमान भने छैन । अर्थतन्त्र संकटबाट मुक्त भइसकेको छैन । वैदेशिक र आन्तरिक ऋण दुवैको भार बढ्दो छ ।

अर्कोतर्फ दाहालको यो एक वर्षे कार्यकालमा न थप उद्योग-कलकारखाना खुलेका छन् त रोजगारी सिर्जना हुन सक्यो । विदेशिनेहरूको लहर उस्तै छ । निजी क्षेत्र निराश छ । उद्योगी, व्यवसायीहरू लगानी गर्न हतोत्साहित छन् । विकास बजेटको खर्चसमेत पाँच महिना बित्दासम्म १३ प्रतिशत पुगेको छैन । राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति त झन् उदेकलाग्दो छ ।

#### महासचिव गुटेरेसको भ्रमण

जलवायु परिवर्तन (संकट)को उच्च चपेटामा रहेको नेपालमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई निम्त्याएर दाहाल सरकारले संघीय संसद्मै सम्बोधन गराए । हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरबारे स्थलगत अनुगमन गराए । यसपछि नेपालजस्ता विकासोन्मुख देश जलवायु परिवर्तनले निम्त्याएको संकटको कसरी सामना गरिरहेका छन् ? यसबारे विश्व समुदायको ध्यान खिच्न महासचिव गुटेरेसमार्फत सरकार सफल भएको छ । यसलाई दाहाल सरकारको एक वर्षे कार्यकालको उल्लेख्य एउटा सफलता मान्न सकिन्छ ।

#### टिआरसी बन्धकमा

तेस्रोपटक प्रधानमन्त्री हुँदै गर्दा दाहालको जोड रहेकै संक्रमणकालीन न्याय टुंगोमा पुर्‍याउने भन्नेमा हो । तर, यससम्बन्धी गठित सत्य निरूपण र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन संशोधन गर्न बनेको विधेयक अझैसम्म पारित भएकै छैन । अझ भनौं, संसद्मा पेस भएकै छैन ।

बरु, प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीकहाँ ती विधेयकहरू बन्धक छन् । यसले गर्दा १० वर्षे द्वन्द्वका क्रममा राज्य र तत्कालीन विद्रोहीपक्षबाट भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघन घटनाका पीडितहरूले न्याय पाएका छैनन् । न्यायमा पूरै विलम्व भइरहेको छ । दाहाल सरकार एक वर्षमा विधेयक संसद्बाट पारित गराउन असफल भएको छ ।

#### विपक्षीसँग लेनदेन

'राम्रो काममा मिल्दैनन्, नराम्रो काममा मिल्छन्' भन्ने भाष्य राजनीतिक दलहरूले व्यवहारतः स्थापित गरेका छन् । पछिल्लोपटक शरणार्थी काण्ड, ललिता निवासकाण्ड, सुनकाण्ड, जलहरी काण्डलगायतमा यस्तै भयो । यी काण्डहरू जब बाहिरिए, तब दाहाल, देउवा र ओली बालुवाटारमा पटक-पटक जुटे । कुनै न कुनै समझदारीमा पुगेर अनुसन्धानलाई नै प्रभावित पारे । यी घटनाक्रमले दाहाल सरकार शक्तिशाली विपक्षी नेकपा एमालेसामु झुक्दै अन्ततः लेनदेन गर्न बाध्य भएको देखाउँछ ।

#### संघीयता कार्यान्वयनमा उदासीन

प्रधानमन्त्री दाहाल आफूलाई नेपालको सन्दर्भमा 'संघीयताको जन्मदाता' ठान्छन् । हालै मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसहितको टोलीलाई उनले त्यही भने । तर, संघीयता कार्यान्वयनका लागि उनी यो एक वर्षमा त्यति उदार देखिएनन् । संघीय निजामती सेवा ऐन, प्रदेश प्रहरी समायोजनसम्बन्धी ऐन, विद्यालय शिक्षासम्बन्धी विधेयक अझैसम्म पारित भएकै छैन । जसले गर्दा प्रदेश सरकारहरू संघीय सरकारसँग रुष्ट छन् । संघीयता कार्यान्वयनमा अत्यावश्यक ठानिएका ऐनहरू बनाउन प्रदेशका मुख्यमन्त्रीहरूले प्रधानमन्त्री दाहालमाथि दबाब बढाइरहेका छन् । तर, विधेयकहरू छिट्टै पारित गराउने छाँट सरकारले देखाएको छैन ।

#### असन्तुलित वैदेशिक सम्बन्ध

परराष्ट्र मामिलाका जानकारहरूका अनुसार एक वर्षे कार्यकालमा प्रधानमन्त्री दाहालले दुई छिमेकी राष्ट्र चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्न सकेनन् । चीनतिर दूर हुँदा भारततिर दाहाल सरकार ढल्केको कूटनीतिकवृत्तमा टिप्पणी हुने गरेको छ । यस्तै, दाहाल सरकारले अमेरिकासँग पनि निकट सम्बन्ध राखेको विश्लेषण हुँदै आएको छ ।

तेस्रोपटक प्रधानमन्त्री भएको एक वर्षे अवधिमा भने उनले यी तीनवटै देशको औपचारिक भ्रमण गरे । तर, कूटनीतिज्ञहरू नेपालको राष्ट्रिय हित र स्वार्थको दृष्टिले प्रधानमन्त्री दाहालको भ्रमणलाई त्यति फलदायी ठान्दैनन् ।

#### स्वमूल्यांकनमै अनुत्तीर्ण

प्रधानमन्त्री दाहालकै शब्दमा देश र जनताले सम्झिइरहने गरी काम गर्ने हुटहुटी उनीसँग छ । त्यही भएर उनले आफू नेतृत्वको सरकारका मन्त्री र सचिवहरूलाई बारम्बार मन्त्रालयगत कार्यसम्पादनमा अब्बल हुन निर्देशन दिए । जसआधारमा मन्त्रालयको स्तरीकरण गर्न 'ग्रेड' तोके । तर, कुनै पनि मन्त्रालयले ५२ अंक पनि प्राप्त गरेनन् । अर्थात्, ग्रेड 'ए+' र 'ए' कुनै पनि मन्त्रालयको आएन । यो भनेको सरकार स्वमूल्यांकनमै अनुत्तीर्ण भएको हो । देश र जनताको पक्षमा सम्झिरहने खालको काम गर्न एक वर्षमा दाहाल सरकार असफल भएको दृष्टान्त हो ।

#### सांस्कृतिक 'विचलन'

तेस्रो प्रधानमन्त्रीत्वकालको एक वर्ष व्यतीत गरेका प्रधानमन्त्री दाहालको पहिरनमा यसपटक बद्लाव आयो । १० पुस २०७९ मा दौरासुरुवालमा ठाँटिएर उनले प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ ग्रहण गरे । त्यसअघि भने उनी दौरासुरुवाल लगाउँदैनथे । एक तरिकाले भन्ने हो भने उनी दौरासुरुवाल बहिष्कार गर्थे । तर, उच्च राष्ट्रवादको चंगुलमा फसेका उनले संविधानमै नेपाली पोसाक किटान गरिएको दौरासुरुवाल लगाए ।

अझ उनका आएको धार्मिक बद्लाव पनि हो । भारत भ्रमणको क्रममा उनले उज्जैनस्थित महाकालेश्वर मन्दिर पुगेर पूजाअर्चना गरे । गेरु वस्त्रमा देखिए । नेपाल आएर पशुपतिनाथ मन्दिर पुगे । यसलाई जोडेर दाहालमा हिन्दू धर्मप्रति झुकाव बढेको रूपमा अर्थ्याइने गरिएको छ । कतिपय कम्युनिस्ट नेताहरूले भने दाहालमा 'वैचारिक प्रतिगमन' देखिएको टिप्पणी गर्दै आएका छन् ।

### लाचार बन्दै...

तर शुक्रबारको बैठकमा कांग्रेस सहमहामन्त्रीसमेत रहेका सांसद जीवन परियारले नटुंगिएको विषय टुंग्याउन समिति सभापतिले आवश्यक पहल लिनुपर्ने धारणा राखे । यता एमाले सचेतक महेश बर्तौलाले पनि विधेयकका विषयवस्तु राजनीतिक प्रकृतिको हुँदा छलफल खुला राख्नुपर्ने धारणा राखे ।

माओवादी सांसद पूर्णबहादुर घर्तीले राजनीतिक सहमतिकै बाटोबाट हल गर्नुपर्ने बताए । संसदीय समितिका सदस्यहरूको भनाइबाट के प्रस्टिन्छ भने आफूले पाएको अधिकार सदुपयोग गर्न उनीहरू सक्षम छैनन् । कानुनमन्त्री धनराज गुरुङले टिआरसीमा सहमति खोज्न शीर्ष तहमा पटक-पटक छलफल भए पनि निष्कर्षमा नपुगेको बताए । 'शीर्ष तहमा पटक-पटक गम्भीर छलफल भएको छ । तर, फेरि छलफल गर्ने सहमतिबाहेक यो विषय टुंगोमा पुगेको छैन,' गुरुङले भने ।

बैठकपछि समिति सभापति सुवेदीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा शीर्ष राजनीतिक तहबाट सहमति जुटाएर टुंगोमा पुर्‍याउन प्रयास गरिने बताइन् ।

आइतबारमात्र तीन शीर्ष नेताबीच बालुवाटारमा यस विषयमा छलफल भएको थियो । सोमबार संविधानविद्हरूलाईसमेत बोलाएर दाहालले शीर्ष नेतासँग यस विषयमा छलफल गरेका छन् ।

आगामी अधिवेशनमा प्रमुख एजेण्डा बनाउने

तीन दलका शीर्ष नेताहरू टिआरसी विधेयकलाई संसद्को आगामी अधिवेशनको पहिलो एजेण्डा बनाउन सहमत भएको बुझिएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (टिआरसी विधेयक) प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । विधेयकका अधिकांश विषयमा सहमति जुटाएको उपसमितिले चार विषयमा तीन दलको शीर्ष तहमा सहमति खोजेको थियो ।

सोमबार बालुवाटारमा बसेको नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका शीर्ष नेताहरूको बैठकमा चारवटै विषयमा सकारात्मक छलफल भएको नेताहरूले बताएका छन् ।

आइतबार प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीबीच छलफल भएको थियो । तीन नेताले विधेयकबारे कांग्रेस प्रमुख सचेतक रमेश लेखकसँग 'ब्रिफिङ' लिएका थिए । आइतबार भएको सहमतिअनुसार सोमबारको छलफलमा तीन दलबाट अरु नेता पनि सहभागी भएका थिए । कांग्रेसबाट उपसभापतिद्वय उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र कानुनमन्त्री धनराज गुरुङका साथै वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी सहभागी भएका थिए ।

एमालेबाट सचेतक महेश बर्तौला र पूर्वकानुनमन्त्री अग्नि खरेल र माओवादी केन्द्रबाट उपसमहासचिव वर्षमान पुन र खिमलाल देवकोटा सहभागी भएका थिए । शीर्ष नेताबीच आगामी संसद्मा टिआरसीलाई प्रमुख एजेण्डा बनाउने सहमति भए पनि अधिवेशन कहिले बोलाउने कुनै टुंगो छैन । संसद् र संसदीय समितिको लाचारीपनका कारण अहिले सरकार लगभग कामविहीन अवस्थामा रहेको छ ।



**यःमरी बनाउँदै** | कास्कीको पोखरा महानगरपालिका वडा नं. ४ ले सोमबार पोखरामा आयोजना गरेको चौथो यःमरी सांस्कृतिक महोत्सव तथा प्रतियोगितामा यःमरी बनाउँदै सहभागीहरू । *तस्बिरः धनबहादुर गुरुङ/रासस*


## चिचिला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खाल्ने सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति :- २०८०/०९/१०**


उपरोक्त सम्बन्धमा यस चिचिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, संखुवासभाबाट मिति २०८०/०४/३० गते "Construction of Additional Floor of Administrative Building of Chichila Rural Municipality, Chichila-01, Sankhuwasabha, शीर्षकको ठेक्का सङ्केत नं CRM/W/NCB/B/01/080-081 को प्रकाशित सूचना अनुसार तोकिएको समयसिमा भित्र E-BID मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा निम्न अनुसारका बोलपत्रदाताहरु प्राविधिक शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०९/१७ गते दिनको १:०० बजे यस चिचिला गाउँपालिकाको कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| सि.नं. | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम | कैफिएत |
|---|---|---|
| १. | Marga Devi Nirman Sewa Pvt. Ltd. Dillibazar, Kathmandu | |
| २. | Laxmi Nirman Sewa , Salleri- 4, Dhankuta | |
| ३. | Praman Builders Pvt. Ltd. Lekhnath- 5, Pokhara, Kaski | |
| ४. | JV Name Fuljor Rani Dhunga-Rijan Riyana J/V Lead Fuljor Nirman Com Pvt. Ltd. Sub Rani-Dhunga Nirman Sewa sub – Rijan and Riyana Construction Pvt.Ltd., Bijuli Bazar Kathmandu | |

**प्रमुख प्रशासकीय अधिकृत**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १० गते २०८०, मंगलबार

| | |
|---|---|
| **मेष** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृष** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **मिथुन** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कर्कट** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **सिंह** | परोपकारमा रूचि बढ्नेछ । |
| **कन्या** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **तुला** | काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |
| **वृश्चिक** | अरूले आलोचना पनि गर्न सक्छन् । |
| **धनु** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मकर** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कुम्भ** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मीन** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १० गते, २०८०, २६ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'जलवायुका असरको क्षतिपूर्ति प्राप्त गर्न आन्तरिक तयारी आवश्यक छ'

■ भीष्मराज ओझा

> उच्च तापक्रम वृद्धि, वर्षा र हिमपातमा आएको परिवर्तनले खडेरी, बाढी, पहिरो र डढेलोजस्ता जलवायुजन्य प्रकोप बढ्दै गएका छन् । यसका कारण नेपालले प्रतिवर्ष कूल गार्हस्थ उत्पादन (जिडिपी)को ०.०८ देखि २.०८ प्रतिशतसम्म आर्थिक हानिनोक्सानी व्यहोर्नुपरेको छ ।

**काठमाडौं–** विश्वको कूल हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य (०.०५ प्रतिशतभन्दा कम) रहेको छ । तर नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका १० राष्ट्रमा पर्दछ ।

जलवायुको असरले हिमाली क्षेत्रमा हिमताल पग्लने र विष्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी, तथा तराई मधेसमा बाढी र पहिरो अस्वाभाविकरूपमा देखिन थालेको छ । हिमाली क्षेत्रमा तापक्रम वृद्धिदर अन्य क्षेत्रको औसत तापक्रम वृद्धिदरभन्दा बढी हुने हुनाले जलवायुको प्रत्यक्ष असर विशेषगरी हिमाली क्षेत्रमा देखिन थालेको छ ।

उच्च तापक्रम वृद्धि, वर्षा र हिमपातमा आएको परिवर्तनले खडेरी, बाढी, पहिरो र डढेलोजस्ता जलवायुजन्य प्रकोप बढ्दै गएका छन् । यसका कारण नेपालले प्रतिवर्ष कूल गार्हस्थ उत्पादन (जिडिपी)को ०.०८ देखि २.०८ प्रतिशतसम्म आर्थिक हानिनोक्सानी व्यहोर्नुपरेको छ ।

यही पृष्ठभूमिमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८) हालै सम्पन्न भएको छ । सम्मेलनले जीवाष्म इन्धनको युग अन्तको सुरुआत, जलवायुजन्य हानिनोक्सानी कोष स्थापना, जलवायु वित्तमा विभिन्न सहयोगलगायत ऐतिहासिक निर्णय गरेको छ । कोप-२८ संयुक्त अरब इमिरेट्सको दुबईमा गत मंसिर १४ देखि २६ गतेसम्म भएको थियो ।

यस सम्मेलनमा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा सहभागिता जनाउनुका साथै आवश्यक तयारी र प्रभावकारिताका साथ प्रस्तुत भएको थियो । सम्मेलनमा पहिलोपटक नेपालले लामो समयदेखि उठाउँदै आएको हिमालका मुद्दा निर्णयका दस्तावेजमा समावेश गरिएको छ ।

सम्मेलनले गरेका महत्त्वपूर्ण निर्णयबाट नेपालले लाभ लिन तीव्ररूपमा तयारी थाल्नुपर्ने यस क्षेत्रका जानकारको भनाइ छ । जलवायुका असरबाट भएका क्षतिपूर्तिको दाबी गर्न र अनुदान तथा सहयोग प्राप्त गर्न नेपाल सरकारले आजैदेखि आन्तरिक तयारी थाल्नुपर्नेमा विज्ञले जोड दिएका छन् ।

'दिगो समृद्धि अभियान नेपाल'का अध्यक्ष मोहनदास मानन्धरले नेपालका मुद्दा प्राथमिकता परेको र राम्रा निर्णय भएको भनेर मात्र यसबाट लाभ लिन नसकिने बताए । उनले भने, 'हानिनोक्सानी कोषको रकममा पहुँच बढाउन तथा प्राप्त गर्न प्रमाणित तथ्यांक चाहिन्छ, अन्तर्राष्ट्रिय जगत्लाई विश्वस्त पार्न सक्नुपर्छ । पर्वतीय मुद्दा, कार्बन व्यापार, वैकल्पिक तथा स्वच्छ ऊर्जा सम्बन्धमा भएका निर्णयबाट लाभ लिन आजैदेखि विभिन्न प्रस्ताव बनाउने, पेस गर्ने, प्रस्तुति गर्ने, क्षमता अभिवृद्धि गर्नेलगायतका काम गर्नु आवश्यक छ ।'

नेपालले कोप-२८ मा नेपालले पहिलोपटक आफ्नै 'पेभिलियन' राखेको थियो । अध्यक्ष मानन्धरले पेभिलियनमा भएका विभिन्न कार्यक्रममार्फत नेपालका मुद्दाका सम्बन्धमा विषय उठान गर्न, राम्रा अभ्यास देखाउन तथा अन्य विषयमा पैरवी गर्न सहज भएको उल्लेख गरे ।

यसैगरी सम्मेलनबाट जलवायुजन्य हानिनोक्सानी कोष स्थापना हुनुका साथै कोषमा ७०० मिलियन अमेरिकी डलरभन्दा बढी रकमको प्रतिबद्धतासमेत भएको छ । आगामी जनवरी महिनाभित्र कोष सञ्चालनका लागि बोर्ड गठन भई निर्देशक नियुक्त भएपछि कोष कार्यान्वयनको सुरुआत हुने छ ।

यो कोष स्थापना भए पनि नेपालजस्ता मुलुकले यसबाट आवश्यक लाभ लिन धेरै मिहेनत र तयारी गर्नुपर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपालका जलवायुविज्ञ दीपक केसीले बताए । जटिल प्रक्रियाका कारण नेपाललाई यसअघिका विभिन्न जलवायुसम्बन्धी कोषबाट लाभ लिन पनि कठिनाइ भइरहेको थियो । उनले भने, 'हानिनोक्सानी कोषबाट लाभ प्रदान गर्ने प्रक्रिया थप प्रक्रियामुखी हुनेतर्फ नेपाल सरकार सचेत भई आफ्नो तयारी अहिलेदेखि नै थाल्नुपर्छ ।'

प्रत्येक सम्मेलनमा वार्ता र छलफलका लागि सरकारी अधिकारी परिवर्तन हुने गरेको सम्बन्धमा जलवायुविज्ञ केसीले कम्तीमा पाँच वर्षसम्म एउटै समूह यस कार्यमा सम्लग्न भए प्रभावकारीरूपमा प्रस्तुत हुन र परिणाम देखिनेगरी काम गर्न सकिने सुझाव दिए ।

यस सम्मेलनमा 'जलवायुको विश्वव्यापी समीक्षा'ले तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न हरितगृह ग्यास उत्सर्जनलाई सन् २०१९ स्तरको तुलनामा सन् २०३० सम्ममा ४३ प्रतिशत घटाउनुपर्ने उल्लेख गरेको छ । उक्त समीक्षाले पक्ष राष्ट्रहरूलाई विश्वव्यापीस्तरमा नवीकरणीय ऊर्जा क्षमताको तीन गुणा वृद्धि र सन् २०३० सम्ममा ऊर्जा दक्षता सुधारलाई दोब्बर बनाउने कार्य गर्न आह्वान गरेको छ ।

यसैगरी 'अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था'का आवासीय प्रतिनिधि डा. मनोहरा खड्काले सम्मेलनका उपलब्धि कार्यान्वयन गर्न राष्ट्रियस्तरमा अनुसन्धान र नवीनत प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिए ।

जलवायु परिवर्तनका असर हेर्ने माध्यम जलस्रोत भएकाले यस एजेण्डालाई नेपालजस्ता मुलुकले थप प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने उनको सुझाव छ । आवासीय प्रतिनिधि डा. खड्काले सम्मेलनबाट जलवायुजन्य समस्या समाधानका लागि जलवायु वित्त जुटाउन, हानिनोक्सानी कोषका साथै जल र खाद्यसुरक्षा सम्बन्धमा भएका छलफल र निर्णय सकारात्मक भएको उल्लेख गर्दै अब कार्यान्वयनमा लाग्नुपर्ने जानकारी दिए ।

कोप-२८ मा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी)मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख भएको छ । यसले गर्दा सन् २०२८ सम्म यही विषयलाई समावेश गरेर नेपालका मुद्दाका बारेमा पैरवी गर्न सहज हुने छ ।

वन तथा वातावरण मन्त्रालयले भने जलवायुको क्षतिपूर्ति माग दाबी गर्न एनएफसिसिसीको सचिवालयका र सम्बन्धित अन्य बैठक, छलफल तथा वार्तामा सशक्तरूपमा नेपालको उपस्थिति रहेको जनाएको छ । मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख बुद्धिसागर पौडेलका अनुसार नेपालले निकट भविष्यमै हिमाल भएका अन्य मुलुकलाई एकताबद्ध गराएर उच्चस्तरको संवाद र छलफल गर्ने छ ।

आगामी जुन महिनामा जर्मनीको बोनमा हिमालका मुद्दामा 'टेक्निकल डाइलग' गरिने जानकारी गराउँदै उनले भने, 'यसमा विज्ञहरूले गर्ने छलफलबाट तयार हुने प्रतिवेदनले सिफारिस गर्ने र त्यसपछि आगामी कोपमा यो मुद्दा थप अगाडि बढाउन सहज हुने छ ।' सम्मेलनका उपलब्धिबाट लाभ लिन सरोकारवाला मन्त्रालयबीच समन्वय थप आन्तरिक तयारीसमेत थाल्नुपर्ने उनको भनाइ छ । *रासस*

# भूकम्पका लाभग्राही झण्डै नौ हजार थपिए

**काठमाडौं (प्रस)–** जाजरकोट भूकम्पका लाभग्राहीको संख्या बढेको छ । विवरण संकलनको क्रम जारी रहेकाले संख्या अझै बढ्ने अनुमान गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आजसम्म लाभग्राहीको संख्या ६७ हजार ७८० पुगिसकेको छ । यो अझै थपिने क्रममा छ । यसअघि ५९ हजारभन्दा बढी लाभग्राही कायम भएकामा पछिल्लो अध्यावधिक तथ्यांकमा झण्डै नौ हजार थपिएका हुन् ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले संख्या बढेर ८० हजार पुग्ने अनुमान रहेको र सोहीअनुसारको तयारी भइरहेको जानकारी दिए । सुरुमा २८ हजार लाभग्राही कायम भएको थियो । त्यसपछि चार हजार थपिएर ३२ हजार हुनपुग्यो । बढ्दै जाँदा ५९ हजार कायम भएकामा अहिले थपिएर ६७ हजार नाघेको हो ।

प्राप्त विवरणअनुसार अहिलेसम्म जिल्लामा ३५ हजार १४०, रुकुम पश्चिममा २३ हजार ६०८, सल्यानमा एक हजार ७३०, बझाङमा चार हजार ५७६ र बाजुरामा दुई हजार ७२९ लाभग्राही कायम भएको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख भरतमणि पाण्डेले बताए । लाभग्राहीको संख्या बढिरहेसँगै उनीहरूका लागि पुनःस्थापना तथा अस्थायी आवास निर्माणको लागत पनि बढ्ने छ । अहिलेसम्म ती लाभग्राहीको अस्थायी आवास निर्माणका लागि दुई अर्ब २६ करोड रूपैयाँभन्दा बढी केन्द्रबाट जिल्लामा रकम पठाइसकिएको छ । अझै लाभग्राही बढ्नसक्ने हुँदा अनुमानित लाभग्राहीका आधारमा चार अर्ब ७५ करोड रूपैयाँ आवश्यक हुने देखिएकाले थप रकम मागका लागि पहल भइरहेको प्राधिकरणले जनाएको छ ।

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते गएको भूकम्पले जाजरकोटसहित रुकुम पश्चिम, सल्यान, बझाङ र बाजुरामा क्षति पुऱ्याएको थियो । अहिले सो क्षेत्रका पीडितको अस्थायी आवास निर्माणको काम जारी रहेको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २३५ पौष ९ गते २०८० मा प्रकाशित **Black Pearl International Pvt.ltd.** को Lot No. **294934** को विज्ञापनमा मासिक तलव **AED 1200/-** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

BLACK PEARL INTERNATIONAL PVT. LTD.
Battisputali-9, Kathmandu, Contact: 01-5919419, 9841271962, 9808865460
Email: director@blackpearlinternational.com.np, Web: blackpearlinternational.com.np

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २३३ पौष ७ गते २०८० मा प्रकाशित **Jasmine Overseas Pvt.ltd.** को Lot No. **292496** को विज्ञापनमा कम्पनीको नाम **Cip Group Sdn Bhd,** पूर्व स्वीकृति मिति: २०८०/०५/२८ तथा पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०६ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

Jasmine Overseas Pvt. Ltd.
श्रम इजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950



## सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध महाकाल शानधारामार्ग काठमाडौं, फोन नं. ०१-४८२२२२२

**ऋणीको कर्जा चुक्ता गर्न आउने १५ दिने सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८०/०९/१०

यस सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्थाबाट विभिन्न मितिमा व्यावसायिक (घरायसी) कर्जा शिर्षक अन्तर्गत ऋणी श्रीमती उमा बम यस संस्थामा सुरक्षण बापत सम्पत्ति धितो जमानत राखी समयमै तिर्नुपर्ने साँवा ब्याज लगायतका रकम नतिरी ऋण सम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक र लिखित ताकेता गर्दा समेत संस्थाको समय समयमा बुझाउनुपर्ने साँवा ब्याज हर्जना रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने बाँकी साँवा ब्याज हर्जना समेत बुझाउनहुन यो सूचना मार्फत सूचित गरिन्छ । अन्यथा निजले यस संस्थामा धितो स्वरूप लेखी लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ बमोजिम संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी जमानी कर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ऋणीको तीनपुस्ते नाम, ठेगाना तथा सुरक्षणको विवरण:**

| ऋणीको नाम, थर वतन | धितोको विवरण |
|---|---|
| नाम : श्रीमती उमा बम<br>पति : स्व. कमल बम<br>बुवा : चक्र ब. सिंह राठौर<br>ससुरा: ब्रहमा सिहं बम<br>ठेगाना : सेती अञ्चल कैलाली जिल्ला दोदोधरा वडा नं २ हाल का.म.पा.६ शान्तिनगर | काठमाडौं: गागलफेदी वडा नं ४ "ख" कि.नं. १३२<br>क्षेत्रफल ०-९-०-० २८६/१७ ब.मि. बारी मोठ १६०४ क |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 281221 | चलानी नं.:६०१९६७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 5 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BUILDING BRIDGES LOGISTICS COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 295279 | चलानी नं. ६०१९०३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. [illegible]
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी : V. VARNAVA EMPLOYMENT AGENCY LTD.

पूर्व स्वीकृति मिति २०७८/११/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 259364 | चलानी नं. ६०१७५७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestice Worker | 0 | 12 | 314 | ४६,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook (A) | 2 | 0 | 950 | १,३९,४९० | | | | | | | |
| 3 | Cook (B) | 1 | 0 | 850 | १,२४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HATTAN EVENTS & SERVICES PROJECTS

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No.296916 | चलानी नं. ६०२१२००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 7 | 1000 | ३६,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA UNICORN TRADING & CONTRACTING CO. W.L.L

पूर्व स्वीकृति मिति २०७८/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 257157 | चलानी नं. ६०१८३९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४३,८३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 50 | 0 | 1000 | ३६,५२५ | | | | | | | |
| 3 | Mason | 20 | 0 | 1200 | ४३,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHEM AL-AWALI GENERAL CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No.275328 | चलानी नं. ६०१९०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 40 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Sulaiman Jewellers

पूर्व स्वीकृति मिति २०७९/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 284468 | चलानी नं. ६०१९९९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | JEWELLER | 1 | 1 | 1700 | ६२,२२४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 1 | 0 | 1700 | ६२,२२४ | | | | | | | |
| 3 | WATCHES SALESMAN | 1 | 1 | 1700 | ६२,२२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (2st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily
सम्पादकीय

## प्राधिकरण–उद्योगी विवाद सहमतिमा टुंग्याऊ

नेपाल विद्युत् प्राधिकरणले आफ्नो बक्यौता रकम उठाउन राजनीतिक सहारा लिएको छ। कानुनी राज्यमा कानुनभन्दा माथि कोही हुँदैनन्। डेडिकेटेड लाइन लिएर लोडसेडिङको समयमा पनि निरन्तर बिजुली दिएको प्रधिकरणको गुण सम्झेर उद्योगीहरूले बेलैमा पैसा तिर्नुपर्ने हो।

तर जरिवानासहितको रकम जोडेर बिल तिर्न ताकेता गरेपछि केही उद्योगी अदालतसम्म पनि पुगेका थिए। पैसा पनि नतिर्ने अनि अदालत पनि गुहार्ने उद्योगीको पक्षमा अदालतको आदेश आएन। त्यसपछि पनि प्राधिकरणले पटक–पटक ताकेता नगरेको होइन।

यही विषयमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले राजनीतिक सहारा लिएर बत्तीको लाइन काट्ने काम अघि बढाए। जनार्दन शर्मा ऊर्जामन्त्री हुँदा प्राधिकरण आएका घिसिङलाई माओवादी नेतृत्वको साथ रहेको आरोप लाग्ने गर्छ। अहिले सरकारमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन्। उनै दाहालबाट 'ग्रिन सिग्नल' पाएपछि घिसिङले धमाधम उद्योगीको लाइन काट्न थालेका हुन्।

कानुनी शासनमा कसैको उर्दी वा आदेश कुरिरहनु पर्दैन। तर घिसिङले बक्यौता नतिर्ने उद्योगीको सवालमा दाहालको आदेशलाई पालना गरे। पहिले कानुनअनुसार अघि बढ्न लागेका घिसिङलाई दाहालले केही समय पर्खन लगाए। पछि आफ्नो कुरा नसुनेपछि तुरुन्तै लाइन काट्न आदेश दिए। घिसिङले पनि 'जसोजसो बाहुन बाजे, उसैउसै स्वाह' भनेझैं गरे।

व्यवसायीहरू लोडसेडिङकालबाटै संकटमा थिए। त्यसपछि व्यवसायीका लागि कोरोनाकाल अझ संकटपूर्ण बनेर आइलाग्यो। संकटमाथि संकट आइलाग्दा व्यवसायी टिक्न सक्ने अवस्था छैन। अझ स्वदेशी श्रमिक नपाउँदा उस्तै मार छ। अनि देशका युवाहरू विदेशिदा उद्योगको बजार घटेको छ। यस्तो अवस्थामा स्वदेशी उद्योग टिकाउने हिसाबले सरकारले समन्वय गरिदिने र व्यवसायीले विस्तारै बक्यौता तिर्दै जाने वातावरण बनाउनुपर्ने हो। तर सरकारले व्यवसायीको कुरै नसुनी सरकारले अन्धधुन्धा लाइन काट्न निर्देशन दिनु उपयुक्त कदम होइन।

एक त पैसा नभएर उद्योग बन्द हुन लागेको अवस्थामा पुगेका छन्, त्यसमाथि प्राधिकरणले बत्ती काटिदिँदा उद्योग चौपट हुने अवस्था आउँछ। अर्को कुरा बत्ती काटेपछि उद्योगै नचलाएर उद्योगी ढुक्कसँग बसिदिए के गर्ने ? यसले राज्यलाई दोहोरो मार पर्न जान्छ। यस्तो अवस्थामा राज्यले मध्यमार्गी उपाय अपनाउनुपर्छ। व्यवसायीलाई बिजुलीको महसुल तिर्ने वातावरण बनाइदिन सरकारले पहलकदमी लिनुपर्छ। प्राधिकरणमात्र सरकारको सरोकारवाला निकाय होइन, उद्योग पनि संरक्षण गर्नुपर्ने क्षेत्र हो।

# यःमरि पुन्हि, उधौली र फगुई



▶▶ पदम श्रेष्ठ

प्रेम, दया, करूणाको भावनात्मक पर्व यःमरि पुन्हिमा आपसी सद्भाव साट्ने परम्परा रहेको छ। यसलाई व्यापकता दिने लक्ष्यका साथ विभिन्न कार्यक्रम आयोजना गरिन्छ। बौद्धहरूले यःमरिलाई पञ्चतत्व (चाकु, तील, अदुवा, पानी र चामलको पीठो)ले पूर्ण चिवहाः चैत्यका रूपमा लिन्छन्। यःमरि खानाले जाडो सहनसक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने मान्यता छ।

*यःमरि च्वामू उके दुने हाम्व, बिउसा ल्यासे मव्युसाःबुरिकुती,*
*त्यःछिं त्यः, वकःछिं त्यः, लाटापाटा कुलिंच्यो जुछीं त्यः,*
*यःमरि च्वामू...*

नेवार समुदायको परम्परागत एवं प्रसिद्ध परिकार यःमरिसँग जोडिएको छ, माथिको हरफ। यःमरि (योम्हरी) अहिले नेवार समुदायमा मात्र नभई सबैमाझ लोकप्रिय परिकार बनेको छ। आज मंसिर पूर्णिमाको दिन यही यःमरिसँग जोडिएको छ। यस दिनलाई नेवार समुदायले यःमरि पुन्हिको रूपमा मनाउँदैन आएको छ। यसदिन काठमाडौं उपत्यकामा नयाँ धानबाट उत्पादित चामलको पीठोबाट यःमरि बनाएर खाने चलन छ।

प्रेम, दया, करुणाको भावनात्मक पर्व यःमरि पुन्हिमा आपसी सद्भाव साट्ने परम्परा रहेको छ। यसलाई व्यापकता दिने लक्ष्यका साथ विभिन्न कार्यक्रम आयोजना गरिन्छ। बौद्धहरूले यःमरिलाई पञ्चतत्त्व (चाकु, तील, अदुवा, पानी र चामलको पीठो)ले पूर्ण चिवहाः चैत्यका रूपमा लिन्छन्। यःमरि खानाले जाडो सहनसक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने मान्यता छ। चामलको पीठोभित्र चाकु, तील, खुवा, अदुवाको रस राखी मःमःझैं बफाएर यःमरि पकाइन्छ। किसानहरूले यसदिन चामलको पीठोबाट गणेश, लक्ष्मी, ज्यापू, ज्यापुन्हि, ख्याक, कुवेर आदिका प्रतीकको साथ ल्वंचामरी चढाएर ढुकुटी पूजा गर्दछन्।

यःमरि नेवार समाजमा छोरी-चेली गर्भवती हुँदा माइती खलकले धौ बजी (दही चिउरा) खुवाउन जाँदा लैजानुपर्ने चलन छ। बालबालिकाको जन्मोत्सव, विवाह, म्हपूजा र वृद्ध जंकुमा पनि यःमरि नभई हुँदैन। तर यःमरि पुन्हिका लागि आवश्यक ताइचुङ (टाइचिन)को चामल उपत्यकामा पाउन छोडिसकेको र त्यसभित्र राख्ने तील, चाकु बनाउन आवश्यक कृषि उत्पादन टोखामा नभई बाहिरबाट ल्याउनुपर्ने बाध्यता बढ्दै गइरहेकोले देशभित्रै उत्पादनमा लाग्नुपर्ने सरोकारवाला बताउँछन्।

आजकै दिन पूर्वी नेपालका किराँत समुदायले भने प्रकृति र पुर्खालाई नयाँ अन्नको परिकार चढाएर उधौली (साकेला) पर्व मनाउँदछन्। त्यसैगरी भूमिपुत्र थारु समुदायमा नयाँ अन्न घर भित्रचाएर पूजा गरिन्छ। नयाँ अन्न भित्रचाएर पूजालाई औंली लेना-औंली देना भनिन्छ। नयाँ अन्नको पीठोबाट झझराँको रोटी देवतालाई चढाएर खाइन्छ। यस पूजालाई फगुई भनिन्छ।

समष्टीगतरूपमा भन्नुपर्दा यःमरि पुन्हि, उधौली वा फगुई अन्नपूजा परम्पराको एउटा द्योतक हो भन्न सकिन्छ। जुन परम्परालाई नेवार, किराँत, थारुलगायत किसान समुदायले आज एकसाथ मनाउँदै छन्। तर यो पर्वलाई सबै किसानले संयुक्तरूपले किसान दिवसको रूपमा मनाउनुपर्ने ज्यापू दिवसका प्रणेता स्व. चक्रमान डंगोलको अभियान थियो। यद्यपि, उनको देहान्तपछि त्यो कुरा त्यसै सेलाएको देखिन्छ।

### सासौं गोभ्रातेश्वर महादेवको खटजात्रा :


यःमरि पूर्णिमाकै दिन हुन्छ, ललितपुरस्थित लुभुमा गोभ्रातेश्वर जात्रा। एक दिनअघि घर लिपपोत गरी शुद्धसँग बनाएको यःमरि काँसको थालमा एक रूपैयाँ दाम, एक माना चामलसहित गोभ्रातेश्वर महादेवलाई चढाइन्छ। यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४ जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ।

पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै चोभरी दुवाल ज्यापूहरूले नुहाइ-धुवाइ पवित्र भई नङ काटी एक्लै सुत्ने सेतो जामा पहिरेर जात्रा चलाइन्छ। गोभ्रातेश्वर महादेवस्थानमा दुवाल ज्यापूका पुर्खाले पशुपति दर्शन गर्दा गाईको गोबरमा महादेवले दर्शन दिएकोले गोभ्रातेश्वरलाई नेपाल भाषामा सासौं महाद्यो भनिएको र नयाँ अन्नको यःमरि चढाएर सिसौं पर्व मनाएको बताइन्छ।

### थेचोको नवदुर्गा गणनृत्य

यःमरि पुन्हिको एक दिनअघि छोयला बु, पोलेको राँगाको मासुलाई नुन-खुर्सानीमा मोलेर बनाइएको परिकारसँग भोज खाई ऐतिहासिक थेच्वको नवदुर्गा जात्रा मनाइन्छ। छोयला बु, यःमरि पुन्हि, पिंगल जात्रा, मी प्याखँ (कोयलाछी जात्रा), भैलाजु जात्रा गरी पाँच दिन थेचो नवदुर्गा जात्राका ब्रह्मायणी र बालकुमारी खटजात्रा गरिन्छ।

नवदुर्गागणमा सिंहिनी, बघिनी, बाराही, भैरव, अजिमा (दक्षिणकाली), मनमैंजु (महालक्ष्मी),



म्हासुख्वा माजु (ब्रह्मायणी), कुमारी, वामुख्वामाजु, विष्णुदेवी, गणेश, तुयुख्वा माजु (बंगलादेवी)को मुकुण्डो गहना, लुगा र आगद्यो रहेको नवदुर्गा मन्दिरभित्र हाँस, कुखुराको बलि दिई भोज खाइसकेपछि एक महिनासम्म मूलढोका बन्द गरिन्छ। मूलढोका बन्दपछि थेचोभरि बाजा बजाउन, बिहे-व्रतबन्ध गर्न, इष्टमित्र-आफन्तलाई देश घुमाउन, राति बास बस्न पूर्ण बन्देज लगाइन्छ। भनिन्छ, यस अवधिमा एक अज्ञात व्यक्ति (दही-चिउरा) खान्छु भन्दै आउने र सोही व्यक्ति देवीलाई बलि दिने कथन थियो। गणनृत्यका लागि देवी जगाउन लेलेको तीनपानी भञ्ज्याङबाट 'आगामसिं' काठ ल्याई मन्दिर चोकमा नृत्य सिकाउने छाप्रो बनाइन्छ।

सोही रात, सिंहिनी-बघिनीलाई थेचोको यामुन्या पोखरीको, भैरवलाई छम्पी दह, दक्षिणकालीलाई खुल्डोचाबाट र बाराहीलाई बुँलीदह गोदावरीबाट पानी ल्याई चोख्याउने गरिन्छ। त्यसैगरी महालक्ष्मी, मनमैंजुलाई यामुन्या पोखरी, विष्णुदेवी बामुख्यालाई धापाखेलको, गंगा र गणेशका लागि गलबल ठेचोको जल ल्याई गोप्य पूजा गरी विधिपूर्वक मुकुण्डो र पोसाक लगाउँछन्।

यस थेचो नवदुर्गा जात्रा गणनृत्यमा ढल्को क्षेत्रपाटीस्थित इन्द्रायणी पीठ, टोखाको कालिकास्थानमा जीवित माछा, भँगेरा, सर्प र बोका दन्दनी बलिरहेको होमस्थलमा दहन गरिन्छ।

### प्रकृति पूजनको पर्व उधौली सिली

आदिकालमा खेती गर्न नजानेका किराँतहरू काँचै तरुल, गिट्ठा, भ्याकुर र जंगली जन्तुको मासु खाने गर्दा अनेक रोग लागी मर्दथे। तर तागेरा देवताले कागुन र धानखेती पकाएर खान सिकाएपछि डाँडाकाडा नै ढाकिनेगरी जनसंख्या बढेछ। यही खुसियालीमा नयाँ धान वा कागुनको परिकार खाने र साकेला नाची चाखोम्बा, मिसेक, युमासाम, धेवासाम, थुङदाङवा र सायात्रुदेनका देवीदेवतालाई सुँगुर, कुखुरा, राँगा बलि दिई नयाँ अन्नको परिकार खाने प्रचलन छ।

अन्न उत्पादनका लागि प्रकृतिलाई धन्यवाद दिन मनाइन्छ, किराँती पर्व उधौली। मुन्धुम धर्मशास्त्रअनुसार, उभौली र उधौली पुज्नेहरूमा राई (खम्बु), लिम्बू, याख्खा, सुनुवारले वैशाख पूर्णिमामा चण्डी नाचेर (साकेला) र मंसिर पूर्णिमाका दिन उधौली (सिली) मनाउँछन्। तर किराँतभित्रकै कुलुङ, जेरो, याम्फूले पुस १५, १६, १७ गते चक्चाकुर नयाँ वर्ष मनाउँछन्। नेवारहरूले यःमरि पुन्हि मनाइरहँदा किराँतले पनि नयाँ अन्नको परिकार खाँदै सिली मनाउँछन्। यसदिन किराँत भूमि पूर्वी नेपालको पहाडी इलाकामा मौलिक हाक्पारे, लङसिङ, केनीसा नाच्ने र किराँती धर्मशास्त्र मुन्धुमअनुरूपका फुङवा, चोङवा, थाक्वाथाक्मा, पाक्लुङलेटमा देवीदेवताको पूजागरी धनुकाँड प्रदर्शन गरिन्छ।

### थानकोट महालक्ष्मी जात्राः

यःमरि पुन्हिका दिन गोपाली, देसार ज्यापूको आदिभूमि थानकोटमा महालक्ष्मी, महाभैरवीको खटजात्रा हुने गर्दछ। राजा अमर मल्लद्वारा ने.सं. ६०४ मा बस्ती रक्षार्थ स्थापित अष्टमातृका पीठमध्ये महालक्ष्मीलाई यस देशको प्रमुख देवी मानिन्छ। आदिनारायणको खटजात्रालगत्तै थालिने महालक्ष्मी जात्रा चाफ टोलका देसार गुठीका भैरवलाई विधिपूर्वक ढुंगेसिंह कटाएपछि अगाडि बढ्छ।

द्वारे र दुवाल समुदायको सहयोगमा हुने जात्राअघि महालक्ष्मी मन्दिरमा गोपाली कन्याको इही (बेल विवाह) गरिन्छ। गोपाली समुदायमा इही गर्ने परम्परा छैन तर जात्राका बेला दुईजना कन्याको इहीलाई भाग्यमानी मानिन्छ। गंगटो बलि दिएर सुरू हुने पञ्चबलि (राँगा, हाँस, बोका, भेँडा, कुखुरा) बलिसहित महालक्ष्मी जात्रामा भैरव र गणेश खटको सहभागी हुन्छन्।

## मननयोग्य

### चाणक्य नीति

चाणक्यका आदेशानुसार सैन्यशक्ति र गुप्तचर अझै धेरै बलियो बनाउनमा चन्द्रगुप्त व्यस्त थिए।

उता राक्षसलाई आफ्नो प्रत्येक योजना विफल भएको देखेर आफ्नो सबभन्दा ठूलो शत्रु चाणक्य नजानिने पहेलीजस्तो लाग्थ्यो, उनले सोच्न सकेका थिएनन्। उनका प्रत्येक यन्त्रको आभास चाणक्यलाई पहिले कसरी थाहा हुन्छ ? उनी त्यो मौकाको प्रतीक्षामा थिए जब चन्द्रगुप्त र चाणक्य दुवैलाई समाप्त गर्ने षड्यन्त्र रचना गर्न सकून्।

यस्तो अवसर पनि प्राप्त भयो जुन सुनेर राक्षस खुसीले पागलजस्ता भए।

...+ राक्षसलाई एउटा गुप्तचरबाट थाहा भयो कि अघिल्लो पक्षको शुक्लपञ्चमीमा आफ्नो नयाँ बनेको महलमा प्रवेश गर्दैछन्। गुप्तचरले आफूसँगै त्यो महल बनाउने मुख्य कालीगढलाई पनि ल्याएका थिए। राक्षसले मुख्य सिल्पी कालीगढलाई प्रलोभन र राजा नन्दप्रतिको कर्तव्यको वास्ता दिएर त्यो महलको गुप्तचर ढोकाबारे जानकारी पाएका थिए। एउटा यस्तो गुप्त ढोका बारेको जानकारी जुन एउटा सुरुङ्गका माध्यमबाट टाढा जङ्गलमा खुल्दथ्यो जुन गुफाबारे चाणक्य र चन्द्रगुप्तलाई पनि जानकारी थिएन। कालीगढले चन्द्रगुप्त र चाणक्यलाई गृहप्रवेशका समयमा भवनको सम्पूर्ण जानकारी गराए। यो सुरुङ आकस्मिक समयमा भाग्न सजिलो परोस् भन्नाका निमित्त सिल्पीले बनाएको थियो।

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए।

गृहप्रवेशको समय पनि आयो। सम्पूर्ण रूपबाट महल सिँगारिएकी नववधुजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए। चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनाबारे परिचित गराउदै थिए। आकान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना बटुलेर भारततिर आउदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए। यही समयमा महामात्य शंकटारको देहावसानले अशान्त पारिरहेथ्यो। क्रमशः




# स्कुलको डिआई !

स्कुलको मुख्य द्वारमा गेटपाले। अनि अलि अगाडि ठूलो-ठूलो पाखुरामा हरिया नीला टाटो लगाएका भुसतिघ्रे केटो। हेर्दै डरलाग्दो। विचरा गधालाई भारी बोकाएजस्तै गरी असिनपसिन हुँदै स्कुलको गेटमा पुगेका केटाकेटी सधैं भुसतिघ्रेको त्रासमा भित्र छिर्नुपर्ने।

काठमाडौंको सडक। यता मेलम्चीले बाटो खनेर प्वाल पारेको छ। उता विद्युत् प्राधिकरणले तार बिछ्याउने भन्दै खाडल बनाएको छ। त्यसमाथि पनि पेटीमा रंगीचंगी ब्लक बिछ्याइरहेका कामदारहरूले आफ्नो कामबाहेक अरू कुरा त के सोच्न भ्याउँथे ? धूलोमुक्त काठमाडौंको सात वर्षअघिको अभियान कता पुग्यो पुग्यो।

त्यही अभियानकै कारण होला भारी बोक्ने गधाजस्तै जुत्तामा धुलैधुलो बोकेर स्कुलको गेटबाट भित्र छिरेको मटयांग्रालाई भुसतिघ्रेले च्याप्प कठालोमा समातेर तान्यो ! कालो झोलामा किताबको भारीले नै तानेर उत्तानो पार्लाजस्तो गरी हिँडेको मटयांग्रालाई भुसतिघ्रेले देब्रे हातले तानेपछि विचरा मटयांग्रा पुसको डण्डीमा जाडोले काँपे जस्तै गरी लगलगी काँप्न थाल्छ।

देब्रे हातले कठालोमा समातिरहेको भुसतिघ्रेले जुत्तामा देखाउँदै भन्छ, 'यो के हो' ? मटयांग्राले डरले काँपेको स्वरमा भन्छ, 'सर, बाटोभरि धुलैधुलो छ। घरमा मम्मीले पोलिस लगाइदिएको हो। आउँदा आउँदै धुलो भो।' ऊ दोहोरो संवाद गर्दैन। भुसतिघ्रेले दाहिने हातले गालामा चडयाम्म हान्छ। एक झापटमै रन्थनिएको मटयांग्राको आँखाबाट आँसु तुरुक्कै चुहिन्छ। ऊ बोल्न सक्दैन।

चर्को स्वरमा भुसतिघ्रे भन्छ, 'खुरुक्क जा भोलिदेखि यस्तो नहोस् ?'

देब्रे हातको कुमले आँखाको आँसु पुछ्दै 'हवस् सर', मटयांग्रो कक्षा कोठातिर जान्छ।

आजकल स्कुलको भुसतिघ्रे निकै जब्बर भएको छ। साना केटाकेटीलाई निकै थर्काउँछ। अस्तिको दिन पनि कक्षा १० मा पढ्ने शर्मिलीलाई 'सेतो रिबन' नलगाई आएको भनेर चुल्ठै चुँडिएलाजसरी भुत्लाएको गेटको पालेले सहन नसकेर स्कुलको हेडमास्टरलाई गुनासो नगरेको पनि होइन। तर गेटपालेको के मतलब ? किन सुन्ने कुरो ! त्यही भुसतिघ्रेकै पो सुन्छन्।

स्कुलमा भुसतिघ्रेले आफूहरूलाई दिएका पीडा बच्चाहरूले घरमा गएर भन्न पो कहाँ सक्थे र ? घरमा गएर भनौं भने बाउआमाको गाली खाने डर, भनौं भने भोलि फेरि त्यस्तै भुसतिघ्रेको कुटाइ खाने डर। मटयांग्राले खाएको चट्कन र शर्मिलीको भुत्लाइले पालेदाइको मन पात्र पोलेको छ। स्कुलका कुनै शिक्षक शिक्षिकालाई दुखेको छैन। विचरा दुखोस् पनि किन, पाल्तु भुसतिघ्रेहरूले नै स्कुलमा हुने चन्दा आतंकलाई रोकेका छन्।

दलका झोला बोक्नेहरूका संगठनले चन्दा मागेर वाक्कै भएर पनि स्कुलहरूले पनि आफ्नो शक्ति देखाउनका लागि चर्को मूल्य तिरेर भुसतिघ्रे राखेका छन्। हुन स्कुलका साहु अनि सरकारी राहु पनि उस्तै त हुन्। दलको झोला बोकेर नेतागिरी गरेरै महँगा पढाउने पसल खोलेका छन्। अधिकांश निजी स्कुले एमाले-कांग्रेसकै कार्यकर्ता अझ नेताहरूकै छन्। त्यही भएर पनि स्कुलले सक्दो शुल्क उठाउने गरेका छन्।

निचोर्न सकेजति निचोरिरहन्छन्। उडुसले चुसेजस्तै गरी चुसिरहन्छ। जुत्ता मोजादेखि किताब कापी मस्तै व्यापार गर्न पाएका छन्। अझ दालभात तरकारीको व्यापार त झन् फस्टाएको छ। विद्यार्थीले बाहिर कापी कलम किनेको मात्र थाहा पाए पनि त्यही भुसतिघ्रले कारबाही गर्छ।

'पढ्यो गुन्यो के काम हलो जोती खायो माम' भनेजस्तै गरी बाउआमाले स्कुल पठाउँदा अन्तै भाग्ने कक्षामा सधैं अन्तिममा बस्ने र परिणाम पनि अन्तिमबाट पहिलो हुने भुसतिघ्रेले अनुशासनको पाठ पढाउने भएपछि विद्यालयको शिक्षाको गुणस्तर त निकै नै माथि पुग्ने नै भयो।

'भुसतिघ्रे' मटयांग्राको दुई दर्जन केटाकेटीले आफ्नो स्कुलको अनुशासन इञ्चार्ज 'डिआई'को नाम राखिदिएका हुन्। एउटा न एउटा बहानामा विद्यार्थीहरूलाई ठिंग उभ्याउने। बच्चालाई मानसिक तनाव दिने। कहिले गाला चट्काउने, कसैलाई कपालै उखेल्नेगरी भुत्लाउने। त्यही गुण्डाजस्तो भुसतिघ्रेले तनाव दिएकै कारण मिशन त एकोहोरो टोलाइरहन्छ रे त्यसका बाबुले भनेका। विद्यालय नै जान नसक्नेगरी मानसिक बिरामी परेको छ। अघिल्लो हप्ता त स्कुल हिँडेको केटो कता पो गयो। छोरो हराएपछि बाबुआमा छिमेकी इष्टमित्रले खोज्दा पत्तै लागेन। प्रहरीले पनि नखोजेको कहाँ हो र ! बल्ल दुई दिनपछि गोकर्णको जंगलमा बेहोस अवस्थामा फेला परेथ्यो। यादै भएन रे !

जो कहिल्यै अनुशासनमा बसेन उसैले अनुशासन सिकाउने दिन पनि आए भन्छन् भर्खरका मटयांग्राहरू। स्कुल जानै मन नलाग्ने भइसकेको छ मटयांग्रालाई। बाउआमा पनि दिक्क भइसकेका छन्। कसलाई भन्ने ? कसले टेर्ने ? स्कुल चलाउने सबै नेता। त्यही नेताले पालेको भुसतिघ्रे डिआई। स्कुलमा किन चाहियो टचाटु खोपेको, जगल्टे, भुसतिघ्रे डिआई ?

स्कुल कराँते खेल्ने ठाउँ हो र ? कि बक्सिङ अखडा हो ? अभिभावकहरूलाई लुट्ने, तीन तारे होटलजसरी भात बेच्न, कपडा बेच्न, कापी कलम बेच्न खोलेको स्टेसनरी पसल हो स्कुले ? स्कुल सरस्वतीको मन्दिर हो कि कौरव र पाण्डवबीचको रणमैदान। त्यसो हो भने अनुशासनमा बस्ने शिक्षकले पो सिकाउनुपर्ने होइन ? कक्षा शिक्षक वा अतिरिक्त क्रियाकलापको विज्ञ मानिएको व्यक्ति पो हुनुपर्ने होला नि त अनुशासन इञ्चार्ज (डिआई) !

हिजो टोलमा बसेर गुण्डागर्दी गर्नेलाई डिआईको जागिर ख्वाएर बच्चालाई तर्साउने हो ? अभिभावकसँग टन्नै असुल्ने तर राज्यलाई कर तिर्नुपर्ने बेला सेवा गरेको भन्दै कर ढाँटेका कारण चन्दा माग्न आउनेलाई तर्साउन राख्ने हो डिआई ? विद्यालयलाई हिजो मन्दिर मानिन्थ्यो भने मन्दिर नै बनाउन। किन झगडाको बीउ रोप्ने चौतारो बनाउनु ?

हुन त देश नै डिआईजस्तै भष्मासुर हरूले हाँकेका छन्। गुण्डा गर्ने, डकैती गर्ने, अपराध गरेर जेल परेकाहरू मन्त्री बनेका छन्। तीन करोड जनतालाई यिनै भष्मासुर डिआईले तर्साएका छन्। त्यही भएर नि होला साना-साना स्कुल जाने मटयांग्राहरू तर्साउन स्कुलमा डिआई राखेका छन्।

# विकासले गति लिँदै छ दुर्गम गाउँ लेखानीमा

■ डम्मर बुढामगर



**ढोरपाटन (बागलुङ)–** काठेखोला गाउँपालिका-८ लेखानी जिल्ला सदरमुकाम बागलुङ बजार नजिकैको गाउँ भए पनि विकासका हिसाबले पछाडि थियो । पछिल्लो समय स्थानीय, प्रदेश र केन्द्र सरकारले ध्यान दिन थालेपछि विकासले गति लिन थालेको छ ।

चालु आर्थिक वर्षमा यस वडामा सात करोड ३३ लाख ६४ हजार रूपैयाँको योजना कार्यान्वयनको चरणमा रहेको छ । पच्चिसवटा योजनाका लागि काठेखोला गाउँपालिका, प्रदेश र संघीय सरकारमार्फत गरी उक्त बजेटको योजना कार्यान्वयनको चरणमा रहेका छन् ।

लेखानीमा विनियोजित रकममध्ये पाँच करोड ५५ लाख रूपैयाँ संघीय र ९० लाख रूपैयाँ प्रदेश सरकारबाट तथा ८८ लाख ६४ हजार रूपैयाँ काठेखोला गाउँपालिकाबाट विनियोजन भएको गाउँपालिका कार्यालयले जनाएको छ ।

चालु आवमा पदमार्गका नौ योजनाका लागि गाउँपालिका र प्रदेश सरकारबाट गरी ५८ लाख ७४ हजार ४०० रूपैयाँ विनियोजन भएको काठेखोला-८ का वडाध्यक्ष प्रमानन्द कँडेलले जानकारी दिए । उनका अनुसार मोटरबाटो निर्माणका लागि छ योजनामा गाउँपालिका, गण्डकी प्रदेश र संघीय सरकारको गरी पाँच करोड ९९ लाख रूपैयाँ बजेट व्यवस्थापन भएको हो ।

दुई खेल मैदान निर्माणका लागि चालु आवमा काठेखोला र गण्डकी प्रदेशले लेखानीमा १४ लाख रूपैयाँ विनियोजन गरेका छन् भने विद्यालय सुधार तथा गुणस्तरीय शिक्षा कार्यक्रमका लागि गण्डकी प्रदेशबाट पाँच लाख रूपैयाँ प्राप्त हुने छ ।

सिँचाइ तथा खानेपानीका लागि प्रदेश र गाउँपालिकाको १२ लाख, पोखरी तथा ताल निर्माणका दुई योजनाका लागि गाउँपालिका र प्रदेश सरकारबाट ११ लाख रूपैयाँ, वातावरण संरक्षण तथा झाँडी सरसफाइका लागि गाउँपालिका र संघीय सरकारबाट २३ लाख ९० हजार रूपैयाँ बजेट विनियोजन भएको काठेखोला गाउँपालिकाका प्रवक्ता टीका संगम विकले जानकारी दिए ।

उनका अनुसार स्वास्थ्यसम्बन्धी कार्यक्रमका लागि गाउँपालिकाले १० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । सबैभन्दा ठूलो रकम संघीय सरकारबाट सुलडाँडा लेखानी सेतीचौर देउराली सडक स्तरोन्नतिका लागि पाँच करोड रूपैयाँ विनियोजन भएको प्रवक्ता विकले बताए ।

ओखले कोटपखेरा बराहथान पहिरो नियन्त्रणका लागि २० लाख रूपैयाँ र थाननेटा गाजा दह हुँदै शान्तिपुर जोड्ने सडक निर्माणका लागि संघीय सरकारबाट ३५ लाख रूपैयाँ विनियोजन भएको वडाध्यक्ष कँडेलले जानकारी दिए । सुलडाँडा लेखानी सेतीचौर देउराली सडक स्तरोन्नतिका लागि प्रदेश सरकारबाट २५ लाख रूपैयाँ, लेखानी प्रावि हुँदै भट्टेबारी पदमार्गका लागि पाँच लाख रूपैयाँ, काशीराम छन्त्याल प्रावि मर्मतका लागि पाँच लाख रूपैयाँ, सेतीचौर जलाशय निर्माणका लागि १० लाख रूपैयाँ विनियोजन भएको छ ।

त्यस्तै, प्रदेश सरकारबाटै फार्सलखोला कोलेलीडाँडा सिँचाइ कुलोका लागि १० लाख रूपैयाँ, कादेश आधारभूत विद्यालय खेलमैदान निर्माण गर्न पाँच लाख रूपैयाँ र कादेश चित्रेदेउराली सडक निर्माण गर्न ३० लाख रूपैयाँ बजेट विनियोजन गरेको वडाध्यक्ष कँडेलले जानकारी दिए ।

उनका अनुसार काठेखोला गाउँपालिकाबाट भुमेचौर गौडाहुँदै कादेश मोटरबाटोका लागि आठ लाख रूपैयाँ, रोगालखोला माटखत्री पातल पदमार्ग निर्माण गर्न नौ लाख ७४ हजार रूपैयाँ, सिमथानदेखि डैलेखानी घुम्तीसम्म पदमार्गलाई नौ लाख रूपैयाँ, भुमेचौर माईस्थान च्यानडाँडा हुँदै उपल्लाथर पदमार्ग निर्माण गर्न नौ लाख रूपैयाँ विनियान भएको छ ।

झाँडी तथा रुख कटानका लागि काठेखोलाबाट तीन लाख ९० हजार रूपैयाँ, कादेश खानेपानी योजना मर्मतका लागि दुई लाख रूपैयाँ, भुमेचौर खेलमैदान निर्माण गर्न नौ लाख रूपैयाँ, छेडादेखि वडा कार्यालयसम्म पदमार्गका लागि १० लाख रूपैयाँ, झरुवापाटा भिरकुना पदमार्गका लागि चार लाख रूपैयाँ विनियोजन गरिएको कँडेलले बताए ।

पीपलबोट भ्युटावर सेतीचौर पदमार्गलाई चार लाख रूपैयाँ, सेतीचौर कुटाखर्क हलहले पदमार्गलाई चार लाख रूपैयाँ, सडक मर्मत सुधार योजनाका लागि चार लाख रूपैयाँ, पुच्छरघर माईथान पदमार्गलाई चार लाख रूपैयाँ, खाली पोखरी निर्माणका लागि एक लाख रूपैयाँ र लेखानी स्वास्थ्यचौकी ट्रस निर्माणका तथा मर्मत योजनाका लागि १० लाख रूपैयाँ विनियोजन भएको कँडेलले जानकारी दिए । उनका अनुसार लेखानीले यसपटक गाउँपालिकाको बजेटबाट १५ वटा योजना बनाएको छ । *रासस*

# नार्पाभूमिका विद्यार्थीलाई घुम्ती कक्षा

**मनाङ (प्रस)–** हिमाली जिल्ला मनाङमा हिउँद लागेसँगै चिसो छल्न बाबुआमासँगै छोराछोरी पनि अन्यत्र जाने गर्दछन् । जिल्लामा बसोबास नहुँदा यहाँका विद्यालय चार महिना पूर्णरूपमा बन्द हुनेहुँदा विद्यार्थीको पठनपाठनमा समस्या हुँदै आएको छ ।

विद्यार्थीको पढाइलाई मध्यनजर गरी नार्पाभूमि गाउँपालिकाले पहिलो पटक 'घुम्ती कक्षा' सञ्चालन गरेको त्यहाँका अध्यक्ष कुन्जो तेन्जिङ लामाले जानकारी दिए । अधिकांश विद्यार्थी काठमाडौंमा रहेकाले पठनपाठन निरन्तर गराउने उद्देश्यले स्वयम्भूमा घुम्ती कक्षा सञ्चालन गरिएको उनले बताए ।

अध्यक्ष लामाले भने, 'लामो समयसम्म विद्यार्थीले बसेर अध्ययन नगर्दा उनीहरूको भविष्यमाथि खेलबाड भएको महसुस गरी घुम्ती कक्षा सञ्चालन गरेका हौं । चार महिना यहीँ कक्षा सञ्चालन गरी विद्यार्थीलाई पढाउने व्यवस्था गरेका छौं ।'

उनका अनुसार यहाँको विद्यालय बन्द हुँदा शिक्षक पनि बिदा हुने गरेका थिए, अब भने काठमाडौंमै कक्षा सञ्चालन गरी अध्यापन गराउने व्यवस्था गरिएको छ । 'पहिले समग्र देशको शैक्षिकसत्रभन्दा पहिले नै अन्तिम परीक्षा सकाएर हिउँदमा तल झर्ने गरिन्थ्यो । यसले विद्यार्थीको पढाइमा असर गर्दैन थियो तर समग्र देशका विद्यालयमा एउटै शैक्षिकसत्र पालना गर्नुपर्दा हिमाली क्षेत्रका विद्यार्थीको भविष्यमा असर पुगेको आभास हुन्छ । त्यसैले उक्त कक्षा सञ्चालनमा ल्याएका हौं,' उनले भने । शिक्षालाई प्राथमिकतामा राखी बालबालिकाको भविष्य सुनिश्चितताका लागि यस्तो योजना बनाइ प्रबन्ध गरिएको अध्यक्ष लामाको भनाइ थियो ।

हिउँदमा चार महिना विद्यालय बन्द हुन्थ्यो । विद्यालय खुल्नासाथ नयाँ शैक्षिकसत्र सुरुआत हुँदा यहाँका बालबालिकालाई सहज हुन्थ्यो तर अहिले परीक्षाको नतिजाको पर्खाइमा रहने विद्यार्थी अहिले कसरी पढ्ने भन्ने ध्याउन्नमा हुने गरेकाले सहजताका लागि पालिकाले पहिलोपटक घुम्ती कक्षा सञ्चालन गरेको जनाइएको छ ।

# प्रयोगमै नआई जीर्ण बन्दै जनजाति भवन

**लमजुङ (प्रस)–** नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् लमजुङको भवन निर्माणपछि प्रयोगमै नआई जीर्ण बन्दै गएको छ । बेंसीसहर नगरपालिका-७ मा करिब ११ वर्षअघि निर्माण भएयता प्रयोगविहीन भवन संरक्षण हुन नसक्दा जीर्ण बन्दै गएको हो ।

भुइँतलामा एउटा हलसहित पाँच कोठा रहेको दुईतले यस भवनलाई चारैतिरबाट झाडीले घेरेको छ । भवनको तल्लो भाग, झ्या, लढोका भत्किएको छ । भवनको गारोसमेत चिरिएको छ । झट्ट हेर्दा दिउँसै तर्साउने भूतको बंगलाजस्तै देखिन थालेको छ । भवनभित्र चाउचाउ, बिस्कुटका खोल, फुटेका सिसाका टुक्रा र खाली मिनरलवाटरका बोटल रहेका छन् । एक रोपनी क्षेत्रफलमा आर्थिक वर्ष २०६८/६९ मा निर्माण सम्पन्न भएयता भवन प्रयोगविहीन बन्दै आएको छ ।

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् लमजुङका तत्कालीन अध्यक्ष खेमजङ गुरुङले २०६७ फागुन महिनामा प्रथम आदिवासी जनजाति सांस्कृतिक महोत्सव आयोजना गरेर नाफा भएको करिब पाँच लाख रूपैयाँ रकमध्ये तीन लाख रूपैयाँमा भवन निर्माणका लागि एक रोपनी जग्गा खरिद गरेको बताए ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट २५ लाख रूपैयाँ र तत्कालीन जिल्ला विकास समिति लमजुङबाट १५ लाख रूपैयाँ बजेट निकासा गरी भवन निर्माण गरेको उनले बताए । केही रकम अन्य संस्थाबाट सहयोग आएको र त्यो रकमले तार जाली खरिद गरेकोसमेत बताइएको छ । धेरै दुःख र प्रयासले बजेट जम्मा गरेर भवन निर्माण गरे पनि भवन प्रयोगमै नआई जीर्ण हुँदा दुःख लागेको पूर्वअध्यक्ष गुरुङको भनाइ छ । भवन निर्माण भएको एक दशक बितिसक्दासमेत उद्घाटन हुन सकेको छैन ।

राजनीतिक विवादका कारण भवन उद्घाटन हुन नसकेको र आफ्नो पालामासमेत प्रयोग गर्न नपाएको दुःखेसो उनले गरे ।

# चेपाङ गाउँमा घरबास

**मुग्लिन (चितवन)–** चितवनको दुर्गम पहाडी भेगमा विदेशी पर्यटक भित्रचाउन चेपाङ घरबास (होमस्टे) सञ्चालनमा ल्याइएको छ । सपना भिलेज सोसल इम्प्याक्ट सौराहाको आर्थिक सहयोगमा धादिङको हुग्दीखोला हुँदै चितवनको सौराहासम्मको पदमार्गमा पर्ने दुई चेपाङ बस्तीमा घरबास सञ्चालनमा आएको हो ।

इच्छाकामना-२ तोवाङ र इच्छाकामना-१ भाराङमा चेपाङ घरबास सञ्चालनमा ल्याएको सपना भिलेज सोसल इम्प्याक्टका अध्यक्ष ध्रुव गिरीले जानकारी दिए । उनले पृथ्वीराजमार्गअन्तर्गत धादिङको हुग्दीखोलाबाट चितवनको इच्छाकामना-२ काउले तोवाङ, हात्तीवाङ, सिराइचुली, वडा नम्बर १ को भाराङ चौकीडाँडा र कालिका नगरपालिकाको शक्तिखोर हुँदै सौराहासम्मको पदमार्गमा आउने पर्यटकलाई लक्षित गरी चेपाङ घरबास सञ्चालन गर्न स्थानीयलाई सहयोग गरिएको जानकारी दिए ।

चेपाङ समुदायको आयस्तर वृद्धिका लागि थप घरबास सञ्चालन गर्न सपना भिलेजले आर्थिक सहयोग र तालिम उपलब्ध गराउने बताए । उनले भने, 'यहाँका चेपाङ समुदायको आयस्तर वृद्धिका लागि



इच्छुकलाई घरबास सञ्चालन गर्नका लागि हामी आर्थिक सहयोग र तालिम प्रदान गर्ने छौं, विशेषगरी विदेशी पर्यटकको रहनसहनबारे जानकारी गराउने, पर्यटकलाई गर्ने व्यवहार, सरसफाइलगायतका बारेमा तालिम प्रदान गर्ने योजना छ ।'

रिक्सजा ट्राभल एजेन्सी नेदरल्याण्ड्सका प्रमुख मारियस एप्पलम्यानले हालै इच्छाकामना-२ तोवाङका तिलु चेपाङद्वारा सञ्चालित घरबास शुभारम्भसमेत गरे । सो अवसरमा उनले चेपाङ सुमदायको संस्कार संस्कृति तथा जीवनयापनबारे जान्न पाउँदा निकै खुसी लागेको सुनाए । साथै उनले यो पदमार्ग नेपालकै उत्कृष्ट बन्न सक्ने सम्भावना भएको बताए । उनले भने, 'यो पदमार्ग नेपालकै उत्कृष्ट बन्ने सम्भावना छ, यहाँको चेपाङ सुमदायको रहनसहन संस्कार संस्कृतिबारे जान्न र बुझ्न पनि पाइन्छ ।'

घरबास सञ्चालिका तिलुले घरबास सञ्चालन गर्ने आफ्नो इच्छा पूरा गरिदिएकामा सपना भिलेजलाई धन्यवाद दिइन् । सो संस्थाले यस पदमार्गको सम्भाव्यताबारे अध्ययन गर्न गत वर्ष पनि रिक्सजा ट्राभल एजेन्सी न्यादरल्यण्ड्सका प्रमुख एप्पलम्यानलाई भ्रमण गराएको थियो । यस पदमार्गको दुई रात तीन दिनको रहेको संस्थाका अध्यक्ष गिरीले जानकारी दिए । नेदरल्याण्ड्ससहित जर्मनी, अमेरिका, फ्रान्सलगायत देशका पर्यटक भित्रचाउने लक्ष्यका साथ यो पदमार्गको प्रचारप्रसारमा लागिरहेको उनले बताए ।

उनले भने, 'पर्यटकको आवागमन बढेसँगै यहाँका चेपाङ समुदायको आयस्तर वृद्धि हुने छ ।' सपना भिलेजले चितवनको चेपाङ समुदायको उत्थानका लागि विभन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । शिक्षा र स्वास्थ्यलगायतका क्षेत्रमा काम गरिरहेको सपना भिलेजले पर्यटनमार्फत ती समुदायको आयस्तर वृद्धि गर्ने लक्ष्य लिएको छ । *रासस*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED SAID MISFER ALGHAMDI RESTAURANTS FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८०/०९/०६ LT. No. 296931 चलानी नं. ६०२१२०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 4 | 0 | 1300 | ४६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EVELYN BEAUTY LADIES SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/०८ LT. No. 296982 चलानी नं. ६०२११९९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 4 | 150 | ६५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORTUNE GROUP

पूर्व स्वीकृति मिति २०८०/०९/०८ LT. No. 296956 चलानी नं. ६०२१२००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५४,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 1000 | ३६,६०० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति २०८०/०९/०९ LT No :296964 चलानी नं. ६०२१२०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/nail Extension/hairdresser/manicure/ped | 0 | 8 | 160 | ६९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHICKEN BOMB RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/०८ LT No :296965 चलानी नं. ६०२११९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef assistant | 10 | 0 | 130 | ५६,३८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 200 | ८६,७५० | | | | | | | |

कम्पनी : EBDAA AL-JOUD TAILORING FOR WOMEN'S CLOTHES AND FABRICS.

पूर्व स्वीकृति मिति २०८०/०९/०८ LT No :296963 चलानी नं. ६०२११९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesgirl | 0 | 2 | 150 | ६५,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 2 | 0 | 150 | ६५,०६० | | | | | | | |
| 3 | Tailor | 3 | 0 | 150 | ६५,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक

रूपशाला

## सुम्निमा-पारूहाङ्का लागि सेलिब्रेटीको एक-एक लाख

धरानका मेयर हर्क साम्पाङले चलाएको सुम्निमा-पारूहाङको प्रतिमा स्थापना गन अभियानमा सेलिब्रेटीले पनि साथ दिएका छन् । सोमबार काठमाडौंमा आयोजित छलफलमा अभिनेता दयाहाङ राई, विल्सनविक्रम राई, गायक राजेशपायल राई लगायतले आर्थिक सहयोगको घोषणा गरेका हुन् । यो अभियान साथ दिनका लागि उनीहरूले जनही १/१ लाख रूपैयाँ सहयोग गर्ने बचन दिएका छन् । अन्य कलाकारहरु शान्तिराम राई, सत्यकला राई, एलिसा राई, अशोक मुकारूङ पनि छलफलमा सहभागी भएका थिए । अभिनेता दयाहाङले सुम्निमा-पारूहाङको प्रतिमा स्थापनाले धरानको पर्यटनलाई मात्र नभएर नेपालको पर्यटनलाई पनि सघाउ पुग्ने विश्वास ब्यक्त गरेका छन् ।



मंगलबार १०, पुस २०८० (Tuesday, December 26, 2023)

# 'पर्खी बसें तिमीलाई'को ट्रेलर



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'पर्खी बसें तिमीलाई'को ट्रेलर सार्वजनिक गरिएको छ । पुस २७ गते प्रदर्शन तय गरिएको फिल्म राजाराम बुढाथोकीले निर्माण गरेका हुन् भने यसबाट अभिनेता किरण श्रेष्ठसँगै अभिनेत्रीद्वय रक्षा बुढाथोकी र अनिशा रसाइलीले डेब्यु गर्दैछन् । निर्देशक दीपक श्रेष्ठले 'पर्खी बसें' झैं यसपटक पनि नयाँ अनुहारलाई डेब्यु गराएको जानकारी दिए ।

'यो त्रिकोणात्मक प्रेम कथामा आधारित चलचित्र हो । पर्खी बसें झैं यसमा पनि नयाँ कलाकारलाई लिएर काम गरेको छु । उहाँहरूलाई चलचित्र उद्योगले स्वागत गर्नेमा विश्वस्त छु', निर्देशक श्रेष्ठले भने । उनले २७ औं चलचित्रको रूपमा 'पर्खी बसें तिमीलाई' मार्फत डेब्यु गर्ने कलाकारको भविष्य उज्वल रहेको बताए । सार्वजनिक ट्रेलरमा आकाश ९किरण० र आभा ९रक्षा० को भेट, बढ्ने सामिप्यता, प्रेम र विछोडलाई देखाइएको छ ।

फिल्ममा आकाशले पठाओ चालकको भूमिका निर्वाह गरेका छन् भने आभा सम्पन्न परिवारको छोरीको भूमिकामा छिन् । निर्देशक श्रेष्ठले नयाँ भएता पनि काममा भने उनीहरू परिपक्क रहेको बताए । 'उनीहरूको कामले यो यात्रामा निरन्तरता दिनेमा विश्वस्त छु । अहिलेको पुस्तामा काम प्रतिको लगनशीलता देखेर म झनै खुसी भएँ', निर्देशक श्रेष्ठले भने ।

निर्माता बुढाथोकीले विना सम्झौता फिल्म तयार गरेको जानकारी दिए । उनले भने,'यसमा प्रेमसँगै पारिवारिक द्वन्द्वको मिश्रण छ । यो मनोरञ्जनात्मक चलचित्र बनेको छ । स-परिवार हेरेर मनोरञ्जन लिन सक्नु हुनेछ । यसमा अहिलेको पुस्ताको प्रेम कथा देखाइएको छ ।'

अभिनेत्री रक्षाले आफूले प्रेम कथानक फिल्ममार्फत डेब्यु गर्न पाउँदा खुसी व्यक्त गरिन् । 'फिल्ममा लभर गर्लको रूपमा प्रस्तुत भएकी छु । नयाँ भएता पनि टिमले गर्नु भएको सहयोगले मैले आफ्नो काम देखाउने अवसर पाएकी छु । प्रेम प्राप्ति र वियोगलाई व्यक्त गरिएको पात्रमा मलाई दर्शकले पाउनु हुनेछ', रक्षाले भनिन् । अभिनेता किरणले पनि लभ स्टोरीमा प्रस्तुत हुन् पाउँदा खुसी व्यक्त गरे । 'दीपक सर जस्तो लिजेन्ड निर्देशकको एक्सन कटमा काम गर्न पाए । निकै उत्साहित छु । आफू सुहाउँदो भूमिकामा प्रस्तुत भएको छु', किरणले भने । सार्वजनिक ट्रेलरलाई साहिल खानले सम्पादन गरेका हुन् ।

यसमा लोकप्रिय गीत 'कालो चस्मा लाउ है मैया' रीमेक गरिएको छ । फिल्म 'बादलपारी' मा समावेश लोकप्रिय गीतको रीमेकमा सुरेन्द्र राणाकै शब्द र शम्भुजित बाँस्कोटाको सङ्गीत रहेको छ । गीतलाई गायक प्रमोद खरेल र गायिका मिलन नेवारले गाएका छन् ।

रोमन फिल्म र तपश्री फिल्म्स (सिक्किम) को संयुक्त ब्यानरमा निर्माण गरिएको फिल्ममा अनिशा रसाइली, शिव श्रेष्ठ, विल्सन विक्रम राई, सुनिता श्रेष्ठ लगायतका कलाकारले अभिनय गरेका छन् ।

यसमा राजाराम बुढाथोकीको निर्माण, कोमल गुरुङको सह निर्माण, परिच्छेद सेन, मौनता श्रेष्ठ र पुरुषोत्तम ढुंगेलको लेखन, संकल्प भुजेलको छायांकन, शम्भुजित बाँस्कोटा, दीपक शर्मा, महेश खड्का र बाबुल गिरीको सङ्गीत, भुपेन्द्र अधिकारीको सम्पादन, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन, रामजी लामिछाने र निशा रसाइलीको नृत्य निर्देशन रहेको छ ।

यसको छायांकन नेपालसँगै सिक्किमको रमणीय दृश्यमा गरिएको छ । फिल्म काठमाडौं उपत्यकामा करण श्रेष्ठले रीच इन्टरटेनमेन्ट मार्फत र मोफसलमा एफडी कम्पनीले प्रदर्शनका लागि वितरण गर्नेछ ।

# पूर्णिमालाई दुबईमा सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलिलो उमेरमै नेपाली गीत संगीत क्षेत्रमा सर्बाधिक चर्चा बटुल्न सफल चर्चित गायिका पुर्णिमा लामा हामी नेपाली ग्लोबल यु.ए.ईद्वारा सम्मानित भएकी छिन् । सुमधुर स्वरकी धनी गायिका पुर्णिमा लामाले नेपाली गीत संगीत क्षेत्रमा महत्वपूर्ण योगदान दिएको भन्दै उनको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान अर्पण गरिएको हामी नेपाली ग्लोबल दुबईले जनाएको छ ।

हामी नेपाली ग्लोबल युएईका अध्यक्ष दिल लामाले पूर्णिमाको प्रतिभा देखेर उनलाई थप हौसला प्रदान गर्नका लागि आफ्नो संस्थाले सम्मान गरेको बताएका छन् । दुबईका आयोजित विशेष सम्मान समारोहमा हामी नेपाली ग्लोबल यु.ए.ईका उपाध्यक्ष शंकर श्रेष्ठ, हामी नेपाली ग्लोबल अबुधाबी च्याप्टरका अध्यक्ष रोशन श्रेष्ठ, महासचिव सन्ध्या सुस्केरा मोक्तान, कोषअध्यक्ष राजेस श्रेष्ठ, सदस्य ओमर श्रेष्ठ समेत उपस्थिति रहेको थियो । गायिका लामा सांगीतिक कार्यक्रम को निम्ति दुबई पुगेकी थिईन् ।



त्यसअघि उनी दुबईको सयुंक्त आयोजनामा सम्पन्न पाँचौ ज्योती फिल्म्स म्युजिक अवार्ड २०८० समारोहमा ज्योती फिल्म्स संगीत रत्न सम्मानद्वारा सम्मानित भएकी थिइन् । दुबईस्थित होटेल याक एन्ड यति एभरेस्ट ग्रान्ड एस्टोरिया होटेल वरदुबईमा भएको ५ औ ज्योती फिल्म्स अवार्ड समारोहमा गायिका लामालाई 'ज्योती फिल्म्स संगीत रत्न' सम्मानद्वारा सम्मान गरिएको हो ।

नेपाली गीत संगीत क्षेत्रमा चम्किलो ताराको रूपमा आफ्नो स्थान जमाउन सफल लामालाई नेपाली राजदुतावास कार्यलय दुबईका द्वितिय सचिव भुपेन्द्र घिमिरेको हातबाट सम्मान अर्पण गरिएको थियो । लामाका मुटु जलि खरानी भो, फुल भनौ जिन्दगीलाई, जस्ता दर्जनौ गीत बजारमा आइसकेका छन् । गायिका लामा कार्यक्रमको शिलसिलामा हङकङ, कोरिया, कतार, मलेसियामा दुबईलगायतका देशहरूमा पुगिसकेकी छिन् ।

# निर्देशक ओझालाई युपिएए अवार्ड

**काठमाडौं (प्रस)–** सचेतना कार्यक्रम, एनटिभी न्युजका प्रस्तोता र निर्देशक सरोज ओझालाई भारतको उत्तर प्रदेश आर्टिस्ट एकेडेमीले 'युपिएए अवार्ड २०२३'बा सम्मान गरिएको छ । उनलाई मिडिया क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै अवार्डको ३० औं संस्करणमा सम्मान गरिएको हो । ओझालाई उत्तर प्रदेशका उप-मुख्यमन्त्री ब्रजेश पाठकले सम्मान गरेका थिए । उप-मुख्यमन्त्री पाठकले भारत र विश्वस्तरमा कला, पत्रकारिता, सामाजिक अभियान लगायतका क्षेत्रमा सेवारत व्यक्तिहरूलाई सम्मान गर्न पाउँदा खुशी लागेको बताए ।

विगत दुई दशकदेखि छापा र अनलाइन मिडियालगायत टेलिभिजन कार्यक्रम निर्माणमा सक्रिय रहेर सञ्चार क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै ओझाले उक्त पुरस्कार पाएका हुन् ।

यसअघिका संस्करणहरूमा अनिल कपूर, रविना टन्डन, अब्बास मस्तान, समीर अन्जान, फारुख शेख, भाग्यश्री, राहुल रोय र क्रिकेटर पियुष चावला सहितका दिग्गज कलाकार एवं फिल्मकर्मीहरूले 'युपिएए अवार्ड' प्राप्त गरेका छन् ।

सम्मानित ओझाले हालसम्म सचेतनाबाहेक बाल आवाज, बिजनेस इन्फो, नमस्ते नेपाल, प्रवासीको सन्देश, आदर्श परिवार, नेपाल मै पहिलो पटक कुकिङ रियालिटी शो कलेज सेफ आईकन र हास्य टेलिश्रृंखला 'कुरा मात्रै भो'को निर्माण एवम् प्रसारण कार्यमा संलग्न रहँदै आएका छन् । हालसम्म उनले कयौं वृत्तचित्र निर्माण गर्नुका साथै स्क्रिप्ट लेखन तथा निर्देशन सम्बन्धी काम गरेका छन् । कर्पोरेट खबर पत्रिका एवम् सोको अनलाइन संस्करण कर्पोरेट खबर डटकमको सम्पादक भएर काम गरिसकेका ओझाले ललितपुर महानगरपालिकाद्वारा प्रकाशित बुलेटिन र खेल जित मनोविज्ञान पुस्तकको सम्पादक भएर समेत कार्य गरेका छन् ।

दुई दशकदेखि नेपाल टेलिभिजनमा कार्यक्रम उत्पादनतर्फ जोडिदै आएका ओझालाई नेपाल टेलिभिजनले आफ्नो ३६ औं वार्षिकोत्सवको अवसरमा सम्मान गरेको थियो । उनले भारतको मुम्बईमा 'दादा साहेब फाल्के अवार्ड', सन् २०२१ मा थाईल्याण्डमा मुख्यालय रहेको युनाईटेड नेसन्स पिसकिपर्स फेडरल काउन्सिलबाट 'युएनपिकेएफसी हुमानेटेरियन अवार्ड' र सन् २०१९ मा ईजिप्टमा 'एमएसएल एक्सिलेन्स अवार्ड' समेत पाइसकेका छन् ।



फारवेस्ट पशुपति कप

# बिएस-१५ र सुदूरपश्चिम-११ क्वाटरफाइनलमा प्रवेश



**कैलाली (प्रस)–** कैलालीको धनगढीमा जारी फारवेष्ट पशुपति कप फुटबल प्रतियोगितामा बिएस-१५ र सुदूरपश्चिम-११ क्वाटरफाइनलमा प्रवेश गरेका छन् । सोमबार भएको खेलमा बिएस-१५ फुटबल एकेडेमीले सशस्त्र प्रहरी बल प्रदेश सात नम्बर बाहिनीलाई २-१ गोलअन्तरले पराजित गरेको हो ।

बिएस-१५ का लागि विदेशी खेलाडी गुइला मेडिनले पहिलो हाफको १४औं मिनेटमा गोल गरे । पहिलो हाफको २७औं मिनेटमा सशस्त्र प्रहरीका लागि गोविन्द सिंहले गोलगर्दै खेललाई १-१ को बराबरी गरे । खेलको अतिरिक्त समयको अन्तिममा बिएस-१५ का विवेक सन्तोषीले गोलगर्दै आफ्नो टोलीलाई क्वाटरफाइनलमा पुर्याए । खेलको 'म्यान अफ द म्याच' घोषित भएका सन्तोषीले रु पाँच हजार पुरस्कार प्राप्त गरे । यसैगरी सुदुरपश्चिम-११ भने बाई पाएर प्रतियोगिताको क्वाटरफाइनलमा पुगेको हो । भारतीय क्लब सिएफसी कोलकाता अनुपस्थित भएको थियो । मङ्गलबार स्टार सिटी युवा क्लब, धनगढी र घोडाघोडी युवा क्लब, सुख्खडका बीच तथा पुनर्वास युनाइटेड र आयोजक फारवेष्ट पशुपति क्लबबीच क्वाटरफाइनलको खेल हुने छ ।

पशुपति युवा क्लबको आयोजनामा भइरहेको प्रतियोगितामा १५ टोली सहभागी छन् । प्रतियोगिताको विजेताले रु पाँच लाख तथा उपविजेताले रु दुई लाख पुस्कार प्राप्त गर्ने आयोजक क्लबका अध्यक्ष खेम रावतले जानकारी दिए । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले रु २५ हजार तथा विभिन्न विधाका उत्कृष्ट खेलाडीले जनही रु १५ हजार पुरस्कार प्राप्त गर्ने छन् ।

# क्यानोइङ ओपनमा नेपालले खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनमा नु चियाङ वाइल्ड वाटर क्यानोइङ इन्टरनेसल ओपनमा नेपालले सहभागिता जनाउने भएको छ। नेपाल ओलम्पिक कमिटी एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले प्रतियागितामा भाग लिने टिमलाई बिदाई गरेका छन् ।



श्रेष्ठले नेपाली टिमका प्रशिक्षक युवराज अधिकारी तथा खेलाडीद्धय विकास गुरुङ र गणेश गुरुङलाई शुभकामनासहित विदाइ गरेका थिए । प्रतियोगिता नु चियाङको स्वायत्त प्रान्त युन नानमा पुस १० गतेदेखि १६ गतेसम्म सञ्चालन हुनेछ । एनओसीका अध्यक्ष श्रेष्ठले विदाइ कार्यक्रममा भने, 'तपाईहरूले प्रतियोगितामा शतप्रतिशत दिएर खेल्नुहोला र सफलता प्राप्त गर्नुहोला ।' विदाइ कार्यक्रममा एनओसीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्द राजवैद्य, नेपाल भारोत्तोलन संघका अध्यक्ष राम श्रेष्ठ बोस, नेपाल र्याफ्टिङ एन्ड क्यानोइङ संघका अध्यक्ष राजीव श्रेष्ठ, महासचिव सुदीप गौतम, कोषाध्यक्ष महेश थापा र एनओसीका कार्यकारी सचिव सुजनलाल श्रेष्ठ उपस्थित थिए ।

पिएम राष्ट्रिय महिला क्रिकेट

# लुम्बिनीले कर्णालीलाई हराउँदा गण्डकीविरूद्ध मधेसको पहिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** पिएम राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले पहिलो जित दर्ता गरेको छ । सोमबार मुलपानी मैदानमा गण्डकी प्रदेशलाई २७ रनले हराउँदै मधेश प्रदेशले प्रतियोगितामा पहिलो जित दर्ता गरेको हो । मधेशले निर्धारित ओभरमा ७ विकेट गुमाएर १ सय १२ रन बनाएको थियो ।

मधेशका लागि ओपनर पुजा महतोले ३८ रन बनाएको इनिङ्समा सरस्वती कुमारीले नटआउट २६ रन बनाएकी थिईन् । प्रतिमा साहले १० रन जोडेकी थिईन् । गण्डकीकी सुमन खतिवडाले ३ तथा कुसुम गोदार र श्रृष्टि जैशीले समान एक एक विकेट झारेका थिए । १ सय १३ रनको लक्ष्य पछ्याएको गण्डकी २ बल बाँकी छँदै ८५ रनमा समेटियो ।

सुमन खतिवडाले ४२ रनको इनिङ्स खेलेपनि अन्य खेलाडीको प्रर्दशन फितलो रह्यो । श्रृष्टि जैशीले १५ रन बनाउनु बाहेक अन्य कुनै खेलाडीले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

मधेशकी पुजा महतोले ३ तथा सरस्वती कुमारी, कबिता गौतम र साक्षी यादवले समान एक एक विकेट झारेका थिए । मधेश प्रदेशले चौथों खेलमा आएर पहिलो जित दर्ता गरेको हो । प्रतियोगितामा एक जित मात्र दर्ता गरेको गण्डकीले प्रतियोगितामा २ अंक जोडेको छ ।

सोमबारनै कीर्तिपुर मैदानमा भएको खेलमा लुम्बिनीले कर्णाली प्रदेशलाई ३० रनले हराउँदा सुदूरपश्चिम प्रदेशले बागमती प्रदेशलाई ६ विकेटले हरायो । लुम्बिनीले दोस्रो जित दर्ता गर्दै लिग तालिकामा ४ अंक र सुदूरपश्चिमले तेस्रो जित दर्ता गर्दै ६ अंक जोडेका छन् ।

त्यसैगरी सोमबार नै सम्पन्न अर्को खेलमा लुम्बिनी प्रदेशले कर्णालीलाई ३० रनले पराजित गरेको छ । जितका लागि १ सय ३४ रनको बलियो विजयी लक्ष्य पछ्याएको कर्णालीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ३ रनमा समेटियो ।

कर्णालीका लागि गौरी बोहराले २२ बलमा २ चौकासहित सर्वाधिक २२ रन बनाइन् । त्यस्तै, यमुना थारुले २९ बलमा ४ चौकासहित २१ रन बनाइन् । अञ्जु गुरुङ ६ बलमा ३ चौकासहित १३ र रश्मी खड्का ११ रनमा नट आउट रहिन् । तृर्सना विश्वकर्माले ८, कप्तान किरण कुँवरले २ र बीना थापा ४ रनमा आउट भइन् । लुम्बिनीकी सरस्वती पुन र कृतिका मरासिनीले समान दुई/दुई विकेट लिए भने शर्मिला रोका र चमेली चौधरीले समान एक/एक विकेट लिए । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनी प्रदेशले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ३३ रन बनाएको थियो ।

लुम्बिनी प्रदेशकी कप्तान सरस्वती गङ्गा मगरले ६२ बलमा ७ चौकासहित ५३ रन बनाइन् । चमेली चौधरीले २२ बलमा २ चौकासहित १८ रन बनाइन् । सरस्वती पुनले ३ र मधु डिसीले २ रन बनाए । कर्णालीका लागि यमुना थारु, रश्मी खड्का र तृर्सना विश्वकर्माले समान एक/एक विकेट लिए ।

लुम्बिनीको यो दोस्रो जित हो । लुम्बिनीले पहिलो खेलमा गण्डकीलाई ४ विकेटले हराएको थियो । यता कर्णालीको यो लगातार चौथो हार हो । कर्णाली यसअघि कोशीसँग १० विकेट, गण्डकीसँग ४४ रन र सुदूरपश्चिमसँग ८१ रनले पराजित भएको थियो ।



**क्रिसमसको उल्लास** | क्रिसमसको पूर्वसन्ध्यामा आइतबार साँझ भारतको मुम्बईमा प्रमोनेडमा सजाइएको 'क्रिसमस ट्रि'को अगाडि मानिसहरूको भीड । *तस्बिरः एपी*

# चीनले प्रक्षेपण गऱ्यो चारवटा मौसम विज्ञान उपग्रह

**चीन, जिउक्वान–** चीनले सोमबार उत्तर पश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट चारवटा मौसम विज्ञान उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ ।

तियानमु-१ मौसमी तारामण्डलका उपग्रहहरू कुआइझोउ-१ ए रकेटद्वारा बेइजिङको समयअनुसार सोमबार बिहानको ९ बजे प्रक्षेपण गरी योजनाबद्ध कक्षमा प्रवेश गरेका छन् ।

क्वाइझोउ-१ ए रकेटको २३औं उडान अभियानमार्फत पठाइएका स्याटेलाइटहरू मुख्य तथा व्यावसायिक मौसमी तथ्यांक सेवा प्रदान गर्न प्रयोग गरिने छ । *रासस/सिन्ह्वा*

# क्रिसमसको अवसरमा एक हजार कैदी रिहा

**कोलम्बो–** श्रीलंकाले क्रिसमसको अवसरमा देशभरका जेलमा रहेका एक हजारभन्दा बढी कैदीलाई आममाफी दिएर रिहा गरेको छ । श्रीलंका राष्ट्रपति रनिलविक्रमा सिंघेले जेलमा रहेका, आचरणमा सुधार देखिएका आधाभन्दा बढी जेल जीवन बिताइसकेका एक हजार चार कैदीलाई बाँकी जेल सजाय माफी गर्ने पत्रमा हस्ताक्षर गरेका हुन् ।

सोमबार रिहा भएका एक हजार चार जनामध्ये जरिवाना तिर्न नसकेका कारण जेल सजाय भोगिरहेका श्रीलंकाका नागरिक रहेको कारागार आयुक्त गामिनी दिसानायकेले जानकारी दिए । श्रीलंकामा बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको छ र बुद्धको जन्म, प्रबुद्धता र मृत्युको उपलक्ष्यमा मनाइने वैशाखको बिदाको अवसरमा मे महिनामा पनि त्यति नै संख्यामा दोषीलाई रिहा गरिएको थियो ।

क्रिसमसको पूर्वसन्ध्यामा रोकिएको एक साता लामो सेना समर्थित लागुऔषध विरोधी अभियानका क्रममा प्रहरीले करिब १५ हजार व्यक्तिलाई पक्राउ गरेपछि पछिल्लो क्षमादान दिइएको हो । प्रहरीले जारी गरेको विज्ञप्तिमा १३ हजार ६६६ जना शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको र करिब एक हजार १०० जनालाई हिरासतमा लिएर सेनाद्वारा सञ्चालित अस्पतालमा अनिवार्य पुनःस्थापनाका लागि पठाइएको उल्लेख छ ।

श्रीलंकाका जेलहरूमा क्षमताभन्दा बढी कैदी राख्दा लामो समयदेखि जेलमा कैदीको भीडभाड हुने गरेको छ । सरकारी तथ्य तथ्यांकअनुसार शुक्रबारसम्म ११ हजार कैदीबन्दी राख्नमिल्ने गरी निर्माण गरिएका जेलमा करिब ३० हजार कैदीबन्दी रहेका छन् । *रासस/एएफपी*

# युक्रेनमा पहिलोपटक डिसेम्बर २५ मा क्रिसमस मनाइयो

**बेथललेहम (प्यालेस्टिनी अधिनस्थ क्षेत्र)–** यो वर्ष युक्रेनले पहिलोपटक डिसेम्बर २५ मा क्रिसमस मनाएको छ । करिब दुई वर्षअघि रूसले आक्रमण सुरू गरेको युक्रेनमा जनवरी ७ को परम्परागत दिन (अर्थोडक्स डेट) लाई बेवास्ता गर्दै डिसेम्बर २५ मा नै क्रिसमस मनाइएको हो ।

जनवरी ७ लाई रूसी क्रिश्चियन धर्मावलम्बीहरूले विशेष दिनका रूपमा लिने गर्छन् भने रूसी परम्पराको विरोधका लागि युक्रेनले नयाँ मिति अर्थात् उसका सहयोगीहरूले क्रिसमस मनाउने दिन डिसेम्बर २५ मा नै क्रिसमस मनाउने घोषणा गरेको थियो । ओडेसाको दक्षिणी 'ब्ल्याक सी' बन्दरगाहमा चर्चमा जानेहरूले डिसेम्बर २४ लाई क्रिसमसको अघिल्लो साँझका रूपमा मान्यता दिँदै मैनबत्ती बाली प्रार्थना गरेका थिए ।

सुनौलो वस्त्रमा उपस्थित पादरीहरूले युक्रेनी गिर्जाघरहरूमा जन्मको दृश्यले सजाइएको 'क्रिसमस ट्री'को अगाडि उभिएर येशु ख्रिष्टको जन्म दिनको सम्झना गरेका थिए । 'हामी विश्वास गर्छौं कि हामीले वास्तवमा मस्कोबाट टाढा, टाढा, सारा विश्वसँग क्रिसमस मनाउनुपर्छ । मेरो लागि यो अब नयाँ सन्देश हो,' आफ्नो छोरा युक्रेनी सेनाको अग्रदस्तामा चिकित्सक रहेको बताउने पादरी, ओलेनाले भने । *रासस/एएफपी*

# फिलिपिन्समा भएको झडपमा नौ विद्रोहीको मृत्यु

**मनिला–** फिलिपिन्स सरकार र माओवादी विद्रोहीबीच शान्ति वार्ता पुनः सुरु गर्न सहमति भएको करिब एक महिनापछि सोमबार फिलिपिन्सको सेनाले शृंखलाबद्ध सशस्त्र आक्रमण गरेको छ । आक्रमणमा नौ लडाकु गोली लागि मारिएका छन् । फिलिपिन्सको कम्युनिस्ट पार्टी र यसको सशस्त्र शाखा न्यु पिपुल्स आर्मी (एनपिए) ले घोषणा गरेको दुईदिने एकतर्फी क्रिसमस युद्धविरामको सुरुआतमा दक्षिणी सहर मलयबाले नजिकैका चार दुर्गम गाउँहरूमा युद्ध भएको एक सैन्य विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सेनाको चौथो इन्फेन्ट्री डिभिजनले मलयबलेमा भएको झडपको विवरण तत्काल सार्वजनिक गरेको छैन जसमा नौ जना एनपिए विद्रोही मारिएको बताइएको छ । सन् १९८६ मा मार्कोसका पितालाई सत्ताच्युत गरेयता पूर्ववर्ती सरकारहरूले सुरु गरेको असफल वार्तापछि राष्ट्रपति फर्डिनान्ड मार्कोसको सरकार र विद्रोहीहरूले अर्को वर्ष शान्तिवार्ता पुनः सुरु गर्ने योजना बनाएको गत महिना घोषणा गरेका थिए । *रासस/एएफपी*

# गाजास्थित शरणार्थी शिविरमा इजरायली हवाई आक्रमण, ७० जनाको मृत्यु

**गाजा–** गाजापट्टीको अल-मगाजी शरणार्थी शिविरमा आइतबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ७० प्यालेस्टाइनीको मृत्यु भएको प्यालेस्टिनी सरकारी टेलीभिजनले जनाएको छ ।

गाजास्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता अशरफ अल-केद्राले एक विज्ञप्तिमार्फत भीडभाड भएको आवासीय क्षेत्रमा हवाई आक्रमण भएकोले ७० जनाको मृत्यु भएको र यो संख्या थप बढ्नसक्ने बताएका छन् । उनका अनुसार इजरायली सेनाले क्याम्पको मध्यक्षेत्रका मुख्य सडकहरूमा बमबारी गरिरहेको छ । जसले एम्बुलेन्स र नागरिक सवारीहरूलाई लक्षित स्थानहरूमा पुग्न बाधा पुगेको छ ।

मृत्यु हुनेमध्ये अधिकांश महिला तथा बालबालिका रहेका तथा स्थानीय अस्पतालहरूमा थप घाइतेलाई भर्ना गर्न गाह्रो भएको स्थानीय अधिकारीले बताएका छन् । स्रोतका अनुसार अल-मगाजी शरणार्थी शिविरबाहेक, इजरायली सेनाले मध्यगाजाको अल-बुरेज शरणार्थी शिविर र दक्षिणी सहर खान युनिसमा पनि आक्रमण गरेको छ ।

प्यालेस्टिनी रेड क्रिसेन्ट सोसाइटीका अनुसार एजरायली सैनिकद्वारा गरिएको तीव्र हवाई हमलाले अल-बुरेज, अल-मगाजी र अल-नुसेरातको शिविरको मुख्य सडकहरू बन्द गरेको छ । यहाँ एम्बुलेन्स तथा उद्धार टोलीहरूको काममासमेत बाधा पुगेको छ ।



इजरायली सेनाले पहिले गाजाका प्यालेस्टिनीहरूलाई खाली गर्न भनेको ठाउँहरूमध्य अल-मगाजी पनि एक थियो । प्यालेस्टिनी समाचार एजेन्सी वाफाका अनुसार, गत महिना इजरायलले अल-मगाजीमा बमबारी गरेको थियो । बमबारीमा ५१ जनाप्यालेस्टिनीहरूको मृत्यु भएको थियो । मृत्यु हुनेमा अधिकांश महिला तथा बालबालिकाहरू थिए ।

गाजाको स्वास्थ्य मन्त्रालयले आइतबार देखाएका तथ्यांकअनुसार, इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या बीस हजार ४२४ पुगेको छ । अक्टोबर ७ मा द्वन्द्व सुरु भएदेखि यस क्षेत्रमा ५४ हजार ३६ जना घाइते भएका छन् ।

यसैबीच, गत साताको अन्त्यमा गाजामा कूल १५ इजरायली सैनिकको मृत्यु भएको पुष्टि भएको छ । इजरायली सेनाले गाजामा आफ्नो भूमिगत आक्रमणको क्रममा मारिएका इजरायली सैनिकको कूल संख्या १५४ पुगेको बताएको छ । *रासस/सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MY LIFEVIEW SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 277495 | चलानी नं. ६०१९३१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 404/060/061

GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JUST LADY FACTORY FOR PRODUCING READY-MADE CLOTHES

पूर्व स्वीकृति मिति : २०८०/०९/०८ | LT. No. 296974 | चलानी नं.६०२११९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 90 | ३९,०३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 120 | ५२,०५० | | | | | | | |
| 3 | sales lady | 0 | 10 | 140 | ६०,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUROOH AL JAZEERA GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No. :296968 | चलानी नं. ६०२१२०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३५,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 7 | 0 | 1000 | ३५,५२५ | | | | | | | |

कम्पनी : SAS AL ARAB COMANY

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No. :296969 | चलानी नं. ६०२१२०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JOMAIH BEVERAGES COMPANY LTD

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No. 296892 | चलानी नं. ६०२१२०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THARAWAT FOOD COMPANY TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No. 296923 | चलानी नं. ६०२११९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook/chef | 1 | 0 | 1500 | ५३,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११९९०० | प्रति तोला - ११९३५० | प्रति तोला - १४७५ |



**बजार लैजाने तयारीमा सुन्तला** | तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकस्थित विश्वबहादुर अधिकारीको बगानमा उत्पादन भएको सुन्तला बोकेर ल्याउँदै कामदार । अधिकारीले यस वर्ष ७५ लाख रूपैयाँको सुन्तला बिक्री गरेका छन् । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# आगामी आवको बजेट निर्माण सुरु

## प्रदेश र स्थानीय तहसँग योजना माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट निर्माण प्रक्रिया सुरु भएको छ । राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आगामी आवका लागि संघीय समपूरक तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना र कार्यक्रमका लागि प्रस्ताव माग गरेको हो । प्रदेश र स्थानीय तहलाई यस्तो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रस्ताव आगामी माघ मसान्तभित्र पेस गरिसक्न भनिएको छ ।

राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा. दिवाकर लुइँटेलका अनुसार संघीय सरकारले प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा समपूरक र विशेष अनुदान उपलब्ध गराउँछ । आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका योजना तथा कार्यक्रम मात्र यस्तो अनुदान पाउनका लागि योग्य हुने उनको भनाइ थियो ।

'समपूरक र विशेष भनेको मागका आधारमा दिइने अनुदान हो । स्थानीय तह र प्रदेशले तोकिएको मापदण्ड तथा समय सीमाभित्र प्रस्ताव हालेपछि माग भई आएका योजना/कार्यक्रम छनोटको प्रक्रियामा जान्छन्', लुइँटेलले भने । समपूरक र विशेष अनुदानका लागि अनलाइनबाट मात्रै प्रस्ताव पेस गर्न सकिने आयोगले जनाएको छ । अनलाइनबाट प्राप्त प्रस्तावलाई राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा रहने छनोट समितिले विश्लेषण गरी उपयुक्त योजना तथा कार्यक्रमलाई बजेट उपलब्ध गराउन सिफारिस गर्नेछ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार केन्द्र सरकारले प्रदेश र स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान दिनसक्ने व्यवस्था छ । त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवाका क्षेत्रमा विशेष अनुदान उपलब्ध गराइन्छ । अन्तर प्रदेश वा अन्तर स्थानीय तहबीच सन्तुलित विकास गर्ने, अर्थ-सामाजिकरूपमा पछि परेका वर्ग समुदायलाई लक्षित गरेर पनि यस्तो अनुदान उपलब्ध गराइछ । यसरी, समपूरक अनुदानका लागि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरू र विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्यसुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजनामा अनुदान माग गर्न सकिनेछ ।

प्रदेश र स्थानीय तहले सङ्घीय सरकारबाट समपूरक तथा विशेष अनुदान पाउन निश्चित मापदण्ड र प्रक्रिया पूरा गर्नुपर्छ । यस्तो अनुदान पाउनका लागि आयोजना तथा कार्यक्रम सिफारिस गर्दा आवश्यकता र औचित्य पुष्टि हुनुपर्ने आयोगले जनाएको छ । उत्पादन तथा उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने उद्देश्यका आयोजना तथा भूकम्पलगायतका प्राकृतिक विपद्बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी आयोजना र कार्यक्रम छनोट गरिने आयोगको भनाइ छ ।

समपूरक र विशेष अनुदान पाउनका लागि ऐन र कार्यविधिमार्फत मापदण्ड तोकिएका छन् । प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिका बैठकले निर्णय गरी आयोजना/कार्यक्रमको प्रस्ताव गर्नुपर्नेछ । पूर्वतयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेस गर्नुपर्ने मापदण्ड छ । त्यस्तै यसअघि सङ्घीय समपूरक तथा विशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका तर सम्पन्न हुन बाँकी रहेका आयोजनालाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

यस्तो अनुदान पाउनका लागि प्रस्ताव गरिने आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), वित्तीय लागत अनुमानलगायत पूर्वतयारीका काम सकिसकेको हुनुपर्नेछ । समपूरक अनुदानका लागि गाउँपालिका र नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजनाको कूल लागत अनुमान रू एक करोडदेखि रू १० करोडसम्मको सीमा तोकिएको छ । त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले रू पाँच करोडदेखि रू २५ करोडसम्मका आयोजना प्रस्ताव गर्न पाउने व्यवस्था कार्यविधिमा छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका आयोजनाका लागि रू २० करोडदेखि रू एक अर्ब लागतसम्मका आयोजनाको प्रस्ताव पेस गर्न सकिनेछ ।

# नेफ्स्कून अध्यक्षमा ढकाल

**काठमाडौं (प्रस)-** देशभरका सहकारीको छाता संस्था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)को अध्यक्ष पदमा चन्द्रप्रसाद ढकाल निर्वाचित भएका छन् । नेफ्स्कूनको यही पुस ७ र ८ गते सम्पन्न ३२ औं वार्षिक साधारणसभा एवं निर्वाचनमा उनले एक हजार एक सय ९६ मत प्राप्त गरेका थिए ।

निर्वाचनमा अध्यक्षका प्रत्यासी परितोष पौड्यालले एक हजार १९ मत प्राप्त गरेका थिए । नवनिर्वाचित अध्यक्ष ढकाल लामो समयदेखि सहकारी क्षेत्रमा कार्यरत हुन् । वरिष्ठ उपाध्यक्षमा दामोदर अधिकारी, महिला उपाध्यक्षमा शान्ति अधिकारी, महासचिवमा घनश्याम अधिकारी कोषाध्यक्षमा दिपक थापा निर्वाचित भएका छन् । सञ्चालक महिलामा सीता ढकाल पौडेल, मन्दरा मिश्र, कमलादेवी गिरी, लक्ष्मी सापकोटा (कोशी प्रदेश), शोभाकुमारी राउत (मधेस प्रदेश), खेमराज सुवेदी (बागमती प्रदेश), गोपालप्रसाद गौतम (गण्डकी प्रदेश), ज्ञानु पौड्याल (लुम्बिनी प्रदेश), वीरबहादुर राउत भोट (कर्णाली प्रदेश), दिप्ती शाही (सुदूरपश्चिम प्रदेश) विजयी भएको निर्वाचन समितिले जनाएको छ ।

यसैगरी, सञ्चालक खुलामा देवकुमार श्रेष्ठ, सुशीलकुमार बस्न्यात, शालिकराम ढकाल, लेखा सुपरीवेक्षण समिति संयोजकमा इन्द्रराज ज्योती पौडेल, सदस्यद्वयमा हेमराज विष्ट र दुर्गा तिवारी सञ्जेल निर्वाचित भएका छन् । गए राति सम्पन्न मतदानमा कूल दुई हजार छ सय ३३ मतदातामध्ये दुई हजार दुई सय मतदाताले मतदान गरेका थिए ।

# मध्य-मर्स्याङ्दीको विद्युत् उत्पादन घट्यो

**लमजुङ (प्रस)-** लमजुङको बेँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटेको छ । मर्स्याङ्दी नदीमा पानीको मात्रा घटेपछि हाल आयोजनाबाट ४० मेगाावाट मात्र बिजुली उत्पादन भइरहेको छ ।

मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनाका प्रमुख पवन बस्नेतका अनुसार मर्स्याङ्दीमा आयोजनालाई आवश्यक पानी नहुँदा ३० मेगावाट बिजुली उत्पादन घटेको हो । गत मङ्सिरको सुरुवातदेखि नै विद्युत् उत्पादन घट्न थालेको उनले बताए । 'आगामी फागुनसम्म नै बिजुली उत्पादन घट्दै जाने देखिन्छ', उनले भने ।

मध्य-मर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माण सम्पन्न भएको हो । उक्त आयोजना रु २७ अर्ब २० करोडको लागतमा निर्माण सम्पन्न भएको हो । जिल्लामा पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी गाउँपालिका-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट १८ मेगावाट मात्र विद्युत् उत्पादखदिए ।

## इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### इटहरी उप-महानगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

## शुभ कामना

२८ औं वार्षिकोत्सव

नेपाली पत्रकारिता जगतमा बिशेष भूमिका खेलिरहेको इम्प्रेशन पब्लिकेशन एण्ड मीडिया प्रा.लि. द्वारा प्रकाशित हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिक पत्रिकाले आफ्नो २८ औं बर्ष पूरा गरी २९ औं बार्षिक उत्सव मनाउन लागेकोमा अझ सफलताको चुली समाउन सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कृष्णबहादुर कार्की**
प्रबन्ध निर्देशक
प्रभाव पब्लिकेसन प्रा.लि.
*तथा*
प्रभाव राष्ट्रिय दैनिक, परिवार

प्रभाव दैनिक
National Daily

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ